ग्राहक प्रति

वर्ष २० | अंक १७५ | काठमाडौं | बुधवार, २० चैत २०८१ | Wednesday, 2 April 2025 | पृष्ठ ८ | मूल्य रु. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

क्षतिग्रस्त ठाउँमा वैकल्पिक सडक बनाइँदै २
नबिल बैंकको 'बुमन इन मोसन एक्सिलेरेट एक्सन' कार्यक्रम ३
कम्पनी कानूनको उद्भव र विकास ४
त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल १८ घण्टा सञ्चालनमा ८

### जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीमा आगलागी

# २८ करोडको क्षति

## अत्मनिर्भर बन्दै गएको कम्पनीको कारखानामा राजावादी आन्दोलनकारीले आगजनी गरेका थिए



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले सञ्चो प्याकिङ गर्न भित्र्याएको अत्याधुनिक मेशिन (बायाँ) र राजावादीको आगजनीमा जलेको सञ्चो ।**

**विजय दमासे**
काठमाडौं

नेपाल सरकारका सार्वजनिक संस्थाहरू धेरैजसो घाटामा चलिरहेका बेला एउटा नाफामूलक संस्थाका रूपमा परिचित थियो- जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड ।

अत्याधुनिक प्रविधिको प्रयोग गर्दै वार्षिक १ करोड थान उत्पादनको लक्ष्य बोकेर अघि बढेको कम्पनीको जीवनमा शुक्रवार अहिलेसम्मकै ठूलो भूकम्प आयो ।

प्रारम्भिक अनुमानअनुसार राजावादी आन्दोलनमा आएका मानिसले आगजनी गर्दा कम्पनीमा २८ करोड रुपैयाँ बराबरको क्षति भएको छ । आगजनीका कारण कारखाना पूर्ण रूपमा जलेर नष्ट भएको छ ।

दुई वर्षअघि निर्माण भएको गुड म्यानुफ्याक्चरिङ प्राक्टिस सुविधासहित दुईओटा नयाँ भवनभित्र प्रवेश गरी तोडफोडका साथै आगजनी गरी आन्दोलनकारीले जलाएको कम्पनीकी महाप्रबन्धक संगीता यादवले बताइन् ।

'दुईओटा भवन पूर्णरूपमा ध्वस्त भएका छन् । अत्याधुनिक प्रविधिका मेशिन थिए, चारओटा गाडी थिए, एउटा बाइक थियो, ती सबै नष्ट भएका छन्,' उनले भनिन्, 'प्रशासनिक भवनको शिशा चकनाचुर भएको छ, स्यानिटाइजर बनाउने ठाउँ पूर्णरूपमा जलाइएको छ, सन्चोको कच्चापदार्थ जलेको छ, प्याकिङ गरिसकेका सञ्चोका बोत्तलहरू नष्ट भएका छन् ।'

यो वर्ष मात्रै सन्चो ६० लाख थान उत्पादन गर्ने लक्ष्य थियो । अहिले ध्वस्त भएको मेशिन वर्षको करीब १ करोड थान उत्पादन गरेर सप्लाई गर्न सक्ने क्षमताको थियो । कम्पनीले दुखाइ कम गर्ने तेल, सन्चो बाम, शिलाजित, सन्चो जटा केश तेल, सन्चो मह उत्पादन गरेर बजारसम्म पुऱ्याइरहेका बेला सफलतामा धक्का लागेको छ । 'महको खेती बाराको फर्ममा शुरू गराइयो, सन्चो मह बजारमा ल्याउन थालिएको थियो,' यादवले बताइन् ।

सन्चो शुद्ध टिमुर पनि बजारमा ल्याउने तयारी थियो । यही हप्ता बजारमा ल्याउने योजना थियो । मौरीहरूको फर्मिङ शुरू गराएर मह ल्याउने तयारी भएको थियो ।

यादवका अनुसार तत्काललाई उत्पादन केन्द्रीय कार्यालयबाट गर्न सम्भवै छैन । शाखा कार्यालयबाट सुचारु गर्ने योजना भए पनि ती कार्यालयबाट कसरी उत्पादन गर्ने अहिले योजना बनाइँदै छ ।

शाखा कार्यालयबाट थोरै मात्रामा उत्पादन गर्दा बजारमा माग उच्च हुँदा धान्न सक्ने अवस्था नरहने यादवले बताइन् । 'बिजनेश गरेर चल्ने कम्पनी हो, मार्केट ग्याप पनि हुँदैन, मार्केट सप्लाई पनि सधैंभरि भेट्नुपऱ्यो,' उनले भनिन् ।

कम्पनीमा आगलागी आन्तरिक कारणले नभएकाले पुनः सञ्चालनमा राज्यले सहयोग गर्नुपर्ने उनको भनाइ छ । 'यदि हाम्रा कारणले कम्पनीले उत्पादन गरेन, उत्पादित वस्तु बेचेन भने हामी कारक हुन्थ्यौं तर अहिले हामी कारक होइन,' उनले भनिन् ।

उनका अनुसार अहिले भएको क्षतिका बारेमा सरकारले सोच्नुपर्छ । कर्मचारी बस्ने ठाउँ पनि छैन । त्यत्रा भवनमा क्षति नपुगेको एउटा कोठा मात्रै बाँकी थियो, अरू सबै जलेको थियो, १०/१२ जना स्टाफ काम गरेर बसिरहेको उनले बताइन् । '४ दिन भइसक्यो मुख ताकेर बस्दा केही नभएपछि आफै शिशा पन्छाउन थालेका छौं,' उनले भनिन् । 'कति अरूको मुख ताकेर बस्ने भनेर टुटेफुटेका शिशा हटाएर अलिकति बस्नलायक ठाउँ बनाइएको छ ।'

उनका अनुसार जीएमपी बेसको सन्चो मेशिन राखेको भवन, ल्याब, स्टोर गर्ने ठाउँ, एउटा गार्ड हाउस पूर्णरूपमा नष्ट भएको छ । प्रत्यक्ष रूपमा हजार/१५ सय श्रमिकको रोजीरोटी गुमेको छ । 'श्रमिक बिहानै आउँछन्, धर्धरी रुन्छन् । उनीहरूको रोजीरोटी ठप्प छ । मैले केही जवाफ दिन सकेकी छैन,' यादवले भनिन् ।

शाखा कार्यालयहरूले कच्चापदार्थ संकलन गर्ने र यसमा सयौं मानिस परिचालन गर्ने गरिन्थ्यो । कच्चा पदार्थ उत्पादन गरेर केन्द्रमा ल्याएर मिक्सिङ गरेर फिलिङ गर्ने काम हुन्थ्यो । अहिले शाखाहरू पनि कामविहीन जस्तै भएका छन् ।

'आफै उत्पादन गरेर बिक्रीवितरण गरी संस्था बलियो भएको थियो । एक्सपान्सनमै संस्था गएको थियो, नयाँनयाँ प्रडक्टहरू निकाल्ने, शाखाहरूसहित बजार विस्तार गर्ने काम भइरहेको थियो । अचानक दुर्घटनाले अब कम्पनीलाई कहाँ पुऱ्याउँछ सोच्न पनि कठिन छ,' सीईओ यादवले भनिन् ।

उनका अनुसार चढ्ने गाडीहरू छैनन्, कम्पनी कहाँबाट कसरी चलाउने भन्ने विषयमा केही सोच्नसमेत कठिन भइरहेको छ ।

२०३८ सालमा स्थापित नेपाल सरकारको स्वामित्व भएको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले स्थापनाकालदेखि नै नेपालको विभिन्न भौगोलिक क्षेत्रमा छरिएर रहेका औषधियुक्त एवं सुगन्धित जडीबुटीहरू वैज्ञानिक पद्धतिबाट संकलन गराई प्रशोधन गरी स्वदेशी उद्योगहरूलाई कच्चा पदार्थ उपलब्ध गराउँदै आएको थियो ।

त्यति मात्रै नभई उसले विदेशी बजारमा निकासी गरी रोजगारी सृजना गर्दै आएको छ । नेपाल सरकारको राजस्वमा टेवा पुऱ्याउँदै आएको उद्योगको यात्रा शून्यमा झरेको हो ।

कम्पनीले ४२ वर्षदेखि कोरा जडीबुटी तथा उब्जनी गरिएका बीज बिरुवाहरू निर्धारित गरेको मूल्यमा खरीदबिक्री गर्ने तथा औषधिको आवश्यकता पूरा गर्न देशका विद्यमान वनस्पतिका स्रोत परिचालन गर्दै आएको थियो ।



**दुईओटा भवन पूर्णरूपमा ध्वस्त भएका छन् । अत्याधुनिक प्रविधिका मेशिन थिए, चारओटा गाडी थिए, एउटा बाइक थियो । ती सबै नष्ट भएका छन् ।**

**संगीता यादव**
**महाप्रबन्धक, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी**

लामो समयदेखि नेपाली बजारमा सन्चोको बिक्री ५ मीलीको शिशीमा गरिरहेकोमा यस कम्पनीले बजारको माग र नागरिकको आवश्यकता सम्बोधन गरेको यादवको भनाइ छ ।

आर्थिक वर्ष २०८०/८१ बाट शिशीको मात्रा बढाई १० मीलीको शिशी बजारमा लगिसकेको थियो । कम्पनीको केन्द्रीय कार्यालयले हाल उत्पादित सन्चोको फिलिङ र प्याकेजिङको कामलाई प्रविधियुक्त बनाउने कार्यलाई विशेष प्राथमिकतामा राखेको थियो ।

हाडजोर्नी दुखाइ, ज्वरो, रुघाखोकी, घाँटी दुखाइ, नाक बन्द भएको जस्ता समस्याको प्राथमिक उपचारमा विश्वासिलो र भरपर्दो औषधिका रूपमा रहेको सन्चो परम्परागत हाते प्रविधिबाट फिलिङ र प्याकेजिङ भइरहेकोमा कम्पनीले अत्याधुनिक मेशिन प्रयोग गरी स्वचालित प्रविधिबाट बजारमा ल्याउने तयारी गरिरहेको थियो ।

# नागढुंगा सुरुङमार्ग निर्माण २ हप्तादेखि ठप्प

**हिमा वि.क.**
काठमाडौं



- चैत ३ गतेदेखि आयोजनाको काम अघि नबढेको सडक विभागको भनाइ
- सधैं सित्तैमा खानेपानी पाउने व्यवस्था सुनिश्चितता गर्न माग राख्दै स्थानीयद्वारा निर्माणमा अवरोध
- खानेपानी र गृह मन्त्रालयलाई आवश्यक सहयोगका लागि सडक विभागको पत्राचार
- हालसम्म आयोजनाको ८७ प्रतिशत काम सम्पन्न

नागढुंगा सुरुङमार्ग निर्माण अन्तिम चरणमा पुग्दा स्थानीय अवरोधका कारण विगत २ हप्तादेखि काम ठप्प भएको छ । थानकोटको उकालोमा सडक यातायातमा लाग्ने समय बचत गर्न भनेर निर्माण थालिएको यो परियोजनाको काम शुरू भएयता ८/१० पटक रोकिइसकेको छ ।

विगतमा अवरोधको अवधि छोटो हुने गरेकोमा यसपटक २ साता नाघिसकेको छ । यो आयोजनाको पश्चिम पोर्टल (धादिङ) तर्फका स्थानीयले विभिन्न माग राखेर काममा अवरोध गरेकाले चैत ३ पछि कुनै काम हुन नसेकको सडक विभागले बताएको छ । विभागका महानिर्देशक रामहरि पोखरेलले सुरुङमार्गको पश्चिमतर्फका प्रभावित स्थानीयले सित्तैमा खानेपानी पाउने व्यवस्था सुनिश्चित गर्न माग गरेर काम ठप्प परेको बताए ।

'आयोजनामा काम नभएको २ हप्ता बितिसकेको छ, जसले गर्दा दिनदिनै दायित्व बढ्दै गइरहेको छ,' पोखरेलले भने, 'काम नहुँदा निर्माण कम्पनीले क्षतिपूर्ति दाबी गर्ने अवस्था आइरहेको छ ।'

उनका अनुसार विभागले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत खानेपानी र गृह मन्त्रालयलाई आवश्यक सहयोगका लागि पत्राचार गरिसकेको छ । '५ दिनअघि मन्त्रालयमार्फत सम्बद्ध मन्त्रालयमा समन्वयका लागि पत्राचार गरिदिन आग्रह गरिसकेका छौं,' उनले भने । अहिले पनि आयोजना कार्यालयले स्थानीयको चित्त बुझाए काम अघि बढाउन प्रयास गरिरहेको उनको भनाइ छ । काम शुरू गर्न नसक्ने अवस्था लम्बिए गृह प्रशासनको सहयोग लिएर भए पनि काम गर्ने उनको भनाइ छ।

» बाँकी पृष्ठ ५ मा

# नेपालको आफ्नै कार्ड स्विच र कार्ड सञ्चालनमा

**अभियान संवाददाता**
काठमाडौं




- नेपाल पे कार्ड जारी गर्न सिटिजन्स, हिमालयन, माछापुच्छ्रे, प्रभु र सिद्धार्थ बैंकले गरे सम्झौता
- मुक्तिनाथ विकास बैंक, सांग्रिला डेभलपमेन्ट बैंक र गुडविल फाइनान्सले पनि यस्तो कार्ड जारी गर्ने
- भिजा, मास्टरकार्ड, युनियन पे जस्ता कम्पनीका स्विच तथा कार्डबाट बाहिरिने रकम जोगिने


बैंकहरूले कार्डमार्फत भुक्तानी सेवा सञ्चालन गर्न महँगो शुल्क तिरेर विदेशी कम्पनीका भुक्तानी स्विच तथा कार्ड प्रयोग गरिरहेका बेला नेपालले आफ्नै स्विच र कार्डको परीक्षण शुरू गरेको छ ।

नेपाल राष्ट्र बैंक र बैंक, वित्तीय संस्थाको शेयर लगानी रहेको कम्पनी नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) ले सोमवार 'एनपीएस-नेसनल कार्ड स्विच' (एनपीएस-एनसीएस) र 'डोमेस्टिक कार्ड स्किम' (नेपाल पे कार्ड) सार्वजनिक गरेको हो ।


नेपालको आफ्नै भुक्तानी प्रणाली विकास गर्ने रणनीतिअनुसार राष्ट्र बैंकले ३ वर्षअघि एनसीएचएललाई नेशनल पेमेन्ट स्विच सञ्चालन गर्न स्वीकृति दिएको थियो । पहिलो चरणमा मोबाइल बालेट, क्यापिटल मार्केट, इन्स्योरेन्स, रेमिटयान्स, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, ठूला कर्पोरेट तथा नेपाल सरकारसमेतका अधिकांश कारोबारको सेटलमेन्टका लागि रिटेल पेमेन्ट स्विच सञ्चालनमा ल्याएको एनसीएचएलले सोमवारदेखि कार्डको स्विच र कार्ड औपचारिक रूपमा सार्वजनिक गरेको हो ।

» बाँकी पृष्ठ ५ मा


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




### कोशी प्रदेशको लगानी सम्मेलन

# १ खर्ब ३९ अर्बका योजना 'शोकेसिङ' गरिने

**वेदराज पौडेल**
विराटनगर



**कृषि र उद्योगमा ९/९, पर्यटनमा १५, पूर्वाधारमा १४, ऊर्जामा ३, सूचनाप्रविधि र फोहोरमैला व्यवस्थापनमा २/२ गरी ५४ ओटा परियोजना छलफलका लागि अघि सारिएको लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाले जानकारी दिए ।**

आगामी वैशाख १८ र १९ गते कोशी प्रदेश सरकारले लगानी सम्मेलन गर्ने भएको छ । सम्मेलनमा प्रदेश सरकारले विभिन्न क्षेत्रका १ खर्ब ३९ अर्ब रुपैयाँ बराबरका योजना लगानीकर्तासामु 'शोकेसिङ' गर्ने भएको छ ।

कृषि, उद्योग, पर्यटन, पूर्वाधार, ऊर्जा, सूचनाप्रविधि र फोहोरमैला व्यवस्थापन क्षेत्रका गरी उक्त लगानीका परियोजना प्रस्ताव गर्ने प्रदेश सरकारको तयारी छ । कृषिमा र उद्योगमा ९/९, पर्यटनमा १५, पूर्वाधारमा १४, ऊर्जामा ३ तथा सूचनाप्रविधिमा र फोहोरमैला व्यवस्थापनमा २/२ गरी ५४ ओटा परियोजना छलफलका लागि अघि सारिएको लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाले जानकारी दिए ।

उद्योगका सबैभन्दा बढी ६५ अर्ब ४० करोड र पर्यटन क्षेत्रका ३५ अर्ब ९७ करोड रुपैयाँ बराबरका परियोजना लगानी सम्मेलनमा लैजान लागिएको छ । प्रदेश सरकारले स्वदेशी तथा विदेशी लगानीकर्तालाई ल्याउनेगरी सम्मेलनको तयारी अन्तिम चरणमा पुऱ्याएको छ । लगानी सम्मेलनबाट १ खर्ब रुपैयाँ लगानी भित्र्याउने लक्ष्य प्रदेश सरकारले लिएको छ ।

प्रदेश सरकारले आफ्ना १२ ओटा ऐन संशोधन गर्ने र २ ओटा नयाँ ऐन संसद्मार्फत अगाडि बढाउने गरी काम गरिरहेको आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतीरमण भण्डारीले जानकारी दिए । लगानी सम्मेलनको मिति तय गरेपछि मंगलवारदेखि प्रदेशका पूर्वमुख्यमन्त्रीहरूसँग छलफल शुरू गरिएको छ । गत माघमै लगानी सम्मेलनको तयारी गरेको प्रदेश सरकारको सम्मेलन पछि सरेको थियो ।

कोशी प्रदेश सरकारले गर्न लागेको लगानी सम्मेलन, यसको सम्भावना, अवसर र चुनौतीका विषयमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मंगलवार पूर्वमुख्यमन्त्रीहरूसँग छलफल गरे । छलफलमा प्रदेश सरकारका पूर्वमुख्यमन्त्रीहरू भीम आचार्य, उद्धव थापालगायतको सहभागिता थियो ।

प्रदेश सरकारका मन्त्री, सचिवसमेत सहभागी रहेको छलफलमा पूर्वमुख्यमन्त्रीहरूले लगानी सम्मेलन सफल बनाउने प्रतिबद्धता व्यक्त गरे । छलफलमा मुख्यमन्त्री कार्कीले प्रदेश संरचना अघि बढाउन कठिनाइ भइरहे पनि भविष्यको सुन्दर यात्रा तय गर्न र प्रदेशलाई लगानीमैत्री बनाउन लगानी सम्मेलन गर्न लागिएको जानकारी दिए ।

» बाँकी पृष्ठ ५ मा

बिपी राजमार्ग

# क्षतिग्रस्त ठाउँमा वैकल्पिक सडक बनाइँदै

धुलिखेल । गत असोजको दोस्रो साताको बाढीपहिरोका कारण क्षतिग्रस्त बिपी राजमार्गमा अहिले खोलाको बगरमा बनाइएको बाटोमा सवारीसाधन सञ्चालन भइरहेको छ । काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-५ चौकीडाँडाबाट सिन्धुलीको सिमाना बर्खेखोलासम्म खोलाको बगरैबगर सवारीसाधन चल्ने गरेका छन् । तर बर्खायाममा सञ्चालन हुन नसक्ने भएकाले सडक डिभिजन भक्तपुरले खोलाको सतह माथि वैकल्पिक सडक निर्माण अघि बढाएको छ ।



कार्यालयले दीर्घकालीन पक्की सडक निर्माणको ठेक्का आह्वान गरेको भए पनि 'बिड ओपनिङ', मूल्यांकन र ठेकेदार फिल्डमा आउन समय लाग्ने देखिएको छ । सोहीकारण तत्कालका लागि वैकल्पिक सडक बनाउन लागिएको सडक डिभिजन कार्यालय, भक्तपुरका इन्जिनियर दुर्गाप्रसादले बताए ।

अहिले बगरमै गाडी गुडिरहेकोमा बर्खामा सम्भव नभएकाले सडकको उचाइ खोलाको सतहभन्दा माथि उठाएर भित्ताबाट चल्नेगरी काम भइरहेको छ । सोहीअनुसार चौकीडाँडा खण्डको काम तीव्र पारिएको छ । बाढीले काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडाबाट सिन्धुलीको सिमानासम्ममा करीब आठ किलोमिटर सडक बगाएको थियो ।

'बगाएको सडक पुनर्निर्माण तथा ग्राभेल गर्ने, सफा गर्ने र कतिपय स्थानमा खोला बगर भएर चल्नेगरी बाटो बनाएका छौं,' दुर्गाप्रसादले भने, 'अहिले जहाँजहाँ खोलाको सतह भएर बाटो बनाइएको छ, ती ठाउँमा खोलाको धार परिवर्तन गर्ने र भएको सतहभन्दा माथि उठाएर बाटो बनाउने क्रममा छौं ।'

भक्तपुर सडक डिभिजनका कर्मचारी चन्द्रबहादुर लामाका अनुसार अहिलेसम्ममा मंगलटार नजिकैको बोक्सेकुना र चिउरीबासमा काम सम्पन्न भइसकेको छ । मास्ती, डालाबेँसी, नार्के, गिम्दीबेँसी, चार सयबेँसी र कटुञ्जे घुम्तीमा काम गर्न बाँकी छ । चौकीडाँडामा काम भइरहेकोमा केही दिनमै सम्पन्न हुनेछ । यसका लागि अहिले सडक डिभिजन कार्यालयबाट दुई इन्जिनियर, एक सब-इन्जिनियरसहित ३० जना अपरेटर निरन्तर काममा छन् ।

आगामी वैशाखभित्र सबै काम सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको कार्यालयले जनाएको छ । खोलाले बगाएका ठाउँमा सडक निर्माण सम्पन्न भए बर्खायाममा पनि सवारीसाधन सञ्चालन हुने आशामा यात्रुहरू छन् । *रासस*

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

| केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन: ०१- ४५२३४३२ | शाखा कार्यालय: भरतपुर, चितवन फोन: ०५६- ५३३२४०/४१ | शाखा कार्यालय : जनकपुर, धनुषा फोन नं. : ०४१-५९०३८५/८९ | शाखा कार्यालय: भैरहवा, रुपन्देही फोन नं.: ०७१-५२१०८१/८२ | शाखा कार्यालय: डुम्रे, तनहुँ फोन नं.: ०६५-५८०४४५ |
|---|---|---|---|---|

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/२० गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अन्यन्त जरुरी सार्वजनिक सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

### तपसिल

**शाखा कार्यालय : भरतपुर, चितवन**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन,२०६३ बमोजिम मिति : २०७८/१०/१६ मा दर्ता नं. २८२६५०/०७८/०७९ कायम भई दर्ता भएको चितवन जिल्ला, माडी न.पा. वडा नं. ७ प्रगति टोल स्थित **सिन्जन निर्माण सेवा प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. लिलाधर आचार्यको बुहारी, रविन आचार्यको पत्नी, चितवन जिल्ला, कल्याणपुर गा.वि.स/न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **सविता आचार्य (ना.प्र.प.नं. ३५३०२९/१६८, चितवन)**
२. जयलाल आचार्यको नाति, लिलाधर आचार्यको छोरा, चितवन जिल्ला, कल्याणपुर गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **रविन आचार्य (ना.प्र.प.नं. ६०५२/०५७, चितवन)**
३. लिलाधर आचार्यको नातिनी, रविन आचार्यको छोरी, चितवन जिल्ला, माडी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **आयुष्मा आचार्य (ना.प्र.प.नं. ३५२००८/४४८९, माडी चितवन)**
४. श्रीलाल त्रिपाठीको बुहारी, खेमलाल त्रिपाठीको पत्नी, कास्की जिल्ला, कालिका गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **तुलसी देवी त्रिपाठी (ना.प्र.प.नं. ४६३०३५/२३०, कास्की)**
५. श्रीलाल त्रिपाठीको नाति, खेमलाल त्रिपाठीको छोरा, कास्की जिल्ला, कालिका गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **सन्तोष त्रिपाठी (ना.प्र.प.नं. ४६१०३५/५५३, कास्की)**
६. खेमलाल त्रिपाठीको बुहारी, सन्तोष त्रिपाठीको पत्नी, चितवन जिल्ला, भरतपुर न.पा./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **गीता पन्थी (ना.प्र.प.नं. ३५-०१-७३-०८९६०, चितवन)**
७. पुर्णाखर त्रिपाठीको नाति, श्रीलाल त्रिपाठीको छोरा, कास्की जिल्ला, कालिका गा.वि.स /न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **खेमलाल त्रिपाठी (ना.प्र.प.नं. ३०२३३, कास्की)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **रबिन आचार्यको** नाममा मालपोत कार्यालय माडी, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, माडी कल्याणपुर गा.वि.स./न.पा. वडा नं ५ स्थित कित्ता नं. ५८८ को क्षेत्रफल २४०३.९४ (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. **तुलसी देवी त्रिपाठीको** नाममा मालपोत कार्यालय माडी, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, माडी कल्याणपुर गा.वि.स./न.पा. वडा नं ५ स्थित कित्ता नं. ६६२ को क्षेत्रफल ३३८६.३० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. **यस बैकको नाममा यातायात व्यवस्था कार्यालय पर्सा, वीरगंजमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:**

| सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|
| ESCORTS DIGMAX II Back Loder-2020 | 4H.3307/1920083 | ECE07611JL0253820 | प्रदेश २ - ०३ ००१ क ०४०१ |

**शाखा कार्यालय : जनकपुर, धनुषा**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/१२/०८ मा दर्ता नं. २५९७४३/०७७/०७८ कायम भई दर्ता भएको धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ५, स्थित **दुर्गा मेमोरियल अर्गानिक फार्म एण्ड ब्रिडिङ्ग रिसर्च सेन्टर प्रा.लि**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दुर्गा सिंहको नाति, रामजनम सिंहको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **अमरेन्द्र नारायण सिंह (ना.प्र.प.नं.: ४९५८४/३९६९८८८८/०३६/०३७, धनुषा)**
२. रामजनम सिंहको बुहारी, अमरेन्द्र नारायण सिंहको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **श्रीमती शान्ति सिंह (ना.प्र.प.नं.: ३९६९२२७२, धनुषा)**
३. रामजनम सिंहको बुहारी, अमरेन्द्र नारायण सिंहको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **श्रीमती ईन्दु सिंह (ना.प्र.प.नं.: १७११०२/१५, धनुषा)**
४. रामजनम सिंहको नाति, अमरेन्द्र नारायण सिंहको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **रण विजय सिंह (ना.प्र.प.नं.: ३९६९४३४६, धनुषा)**
५. रामजनम सिंहको नाति, अमरेन्द्र नारायण सिंहको छोरा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स/न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **सूर्य विजय सिंह (ना.प्र.प.नं.: १७३०८७/९७, धनुषा)**
६. रामजनम सिंहको नाति, अमरेन्द्र नारायण सिंहको छोरा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स/न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **दिगविजय सिंह (ना.प्र.प.नं.: १७३०८७/९५, धनुषा)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **अमरेन्द्र नारायण सिंहको** नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १३८, १३९, १४०, १४१ र १४२ को क्रमश: क्षेत्रफल ०-३-३-०, ०-४-११-०, ०-६-६-०, ०-१०-०-० र ०-११-१८-० (बिघा) र धनुषा जिल्ला, शान्तिपुर गा.वि.स./न.पा. वडा नं ७ स्थित कित्ता नं. २१५ को क्षेत्रफल ०-१८-०-० (बिघा) को घर/जग्गाहरु तथा सो घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **रण विजय सिंह र सुर्य विजय सिंहको** संयुक्त नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं १ (सिट नं.१/ग) स्थित कित्ता नं. ८७७० को क्षेत्रफल ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. **रण विजय सिंहको** नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं १ (सिट नं. १/ग) स्थित कित्ता नं. ८७७४ को क्षेत्रफल ०-२-७-८ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. **श्रीमती शान्ति सिंह र श्रीमती इन्दु सिंहको** संयुक्त नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं. ९९ को क्षेत्रफल ५-१४-१२-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय: भैरहवा, रुपन्देही**

**१. ऋणीको विवरण**

प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम मिति : २०७६/१०/२१ मा प्रा.फ.दर्ता नं. १९६१८/०७६/७७ कायम भई दर्ता भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १ स्थित **न्यू मुक्ती होटेल एण्ड रेष्टुरेन्ट** **प्रोप्राइटर: उत्तम पुन**

**२. ऋणीको विवरण**

कुल बहादुर पुनको नाति, धन बहादुर पुनको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **उत्तम पुन (ना.प्र.प.नं. २/१६५८३, रुपन्देही)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कुल बहादुर पुनको नाति, धन बहादुर पुनको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **उत्तम पुन (ना.प्र.प.नं. २/१६५८३, रुपन्देही)**
२. धन बहादुर पुनको बुहारी, उत्तम पुनको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **आसु पुन (ना.प्र.प.नं. २११६६, रुपन्देही)**
३. धन बहादुर पुनको नातिनी, उत्तम पुनको छोरी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **रिजा पुन (ना.प्र.प.नं. ३७-०१-७६-०२३९०, रुपन्देही)**

**धितोमा रहेको सम्पतिको विवरण**

**आसु पुनको** नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १ स्थित कित्ता नं. ९८८ को क्षेत्रफल ०-१-४.५-० (बिघा) को घर/जग्गा तथा सोही घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट : माथि उल्लेखित शाखा कार्यालय भैरहवा, रुपन्देहीको दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरु र धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।**

**शाखा कार्यालय: डुम्रे, तनहुँ**

**१. ऋणीको विवरण**

जित बहादुर अधिकारीको बुहारी, भरत बहादुर अधिकारीको पत्नी, तनहुँ जिल्ला, पुर्कोट गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **गोमा अधिकारी (ना.प्र.प.नं. २९१, तनहुँ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. रत्न बहादुर अधिकारीको नाति, जित बहादुर अधिकारीको छोरा, तनहुँ जिल्ला, पुर्कोट गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **भरत बहादुर अधिकारी (ना.प्र.प.नं. ५८, तनहुँ)**
२. भरत बहादुर अधिकारीको बुहारी, शैलेन्द्र अधिकारीको पत्नी, तनहुँ जिल्ला, पुर्कोट गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **बिष्णु वोहरा अधिकारी (ना.प्र.प.नं. ४५-०१-६९-०४७०७, तनहुँ)**

**धितोमा रहेको सम्पतिको विवरण**

**भरत बहादुर अधिकारी क्षेत्रीको** नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, पुर्कोट गा.वि.स./न.पा. वडा नं. २ (सिट नं.२क), स्थित कित्ता नं. १७४३ को क्षेत्रफल ०-१५-०-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको विवरण**

लक्षुमण कामीको नाति, जिताराम कामीको छोरा, गोरखा जिल्ला, गाईखुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **मणीराज वि.क. (ना.प्र.प.नं. २७८/४३०६०, गोरखा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. जिताराम कामीको बुहारी, मणीराज वि.क.को पत्नी, गोरखा जिल्ला, गाईखुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **सावित्री वि.क. (ना.प्र.प.नं. ४४३०२३/५०२, गोरखा)**
२. जिताराम कामीको नाति, मणीराज वि.क.को छोरा, गोरखा जिल्ला, गाईखुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **प्रकाश वि.क. (ना.प्र.प.नं. ४४-०१-७१-०००८२, गोरखा)**
३. जिताराम कामीको नाति, मणीराज वि.क.को छोरा, गोरखा जिल्ला, गाईखुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **सुनिल वि.क. (ना.प्र.प.नं. ४४-०१-७१-०००८१, गोरखा)**

**धितोमा रहेको सम्पतिको विवरण**

**मणीराज बि.क.** को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेस्ता कायम रहेको गोरखा जिल्ला, च्याङ्ली गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ८३५ को क्षेत्रफल २-५-३-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणीको विवरण**

प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, दमौली, तनहुँमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०४/१७ मा दर्ता नं. ७९६१/०७६/०७७ कायम भई दर्ता भएको तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४, डुम्रे बजार स्थित **गुरुङ्ग टेलर्स**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मिन लाल गुरुङ्गको बुहारी, मंगल सिंङ गुरुङ्गको पत्नी, तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स./न.पा.वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **पदम कुमारी गुरुङ (ना.प्र.प.नं. ४४३०१७/४८, तनहुँ)**
२. गगन सिंङ गुरुङ्गको नाति, मिन लाल गुरुङ्गको छोरा, तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स./न.पा.वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **मंगल सिंङ गुरुङ्ग (ना.प्र.प.नं. ६६०२२, तनहुँ)**

**धितोमा रहेको सम्पतिको विवरण**

**पदम कुमारी गुरुङको** नाममा मालपोत कार्यालय, तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, मैवल गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं.४/ख) स्थित कित्ता नं. ११८९ को क्षेत्रफल ०-८-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/१२/२० गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु भरतपुर, चितवन, जनकपुर, धनुषा, भैरहवा, रुपन्देही र डुम्रे, तनहुँबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/१२/२६ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/१२/२७ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु भरतपुर, चितवन, जनकपुर, धनुषा, भैरहवा, रुपन्देही र डुम्रे, तनहुँमा सम्पर्क राखी बुझ्न सकिनेछ ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको असनस्थित पुनर्निर्माण सकिन लागेको ऐतिहासिक महत्त्वको सम्पदा 'इटाचपा' अगाडि फोहोर संकलन गर्दै काठमाडौं महानगरपालिकाको गाडी । २०८१ असारमा शुरू गरेर तीन वर्षभित्र पुनर्निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त सम्पदाको पुनर्निर्माण अन्तिम चरणमा पुगेको छ ।**

# नबिल बैंकको 'वुमन इन मोसन एक्सिलेरेट एक्सन' कार्यक्रम

**अभियान संवाददाता**
काठमाडौं

नबिल बैंकले सोमवार काठमाडौंमा 'वुमन इन मोसन एक्सिलेरेट एक्सन' कार्यक्रम सम्पन्न गरेको छ । महिला सशक्तीकरण, क्षमता अभिवृद्धि, समावेशिता, लैंगिक समानता तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले बैंकले उक्त कार्यक्रम गरेको बताइएको छ ।

बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले महिलाको सशक्तीकरण, क्षमता अभिवृद्धि र अवसर प्रदानका लागि बैंक प्रतिबद्ध रहेको बताए । उनले बैंकिङ क्षेत्रमा महिलाका लागि केही अप्ठ्यारा भए पनि त्यसलाई समाधान गर्दै अघि बढ्नुको विकल्प नरहेको बताए । उनले भने, 'नबिल बैंक पनि महिलालाई उच्च नेतृत्वमा ल्याउन तथा निर्णायक भूमिका दिन र अवसर सृजना गर्ने विषयमा सकारात्मक छ ।'

सो अवसरमा बैंकका कायममुकायम प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बैंकिङ क्षेत्रको नेतृत्वमा अझै पनि महिलाको प्रतिनिधित्व कम भएको उल्लेख गर्दै यस्ता कार्यक्रमले महिला सहभागिता बढाउन र उत्प्रेणामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपाल सुपर लिगकी अध्यक्ष आश्रयता कार्की चौधरीले नबिल बैंकले आयोजना गरेको कार्यक्रम लैंगिक समानता




कायमको लक्ष्यप्राप्तिमा महत्त्वपूर्ण पहल भएको बताइन् । महिलाको सशक्तीकरणमा पुरुषको भूमिका महत्त्वपूर्ण हुने भन्दै उनले आफ्नो घर, कार्यस्थल तथा समाजमा महिलाको साथ दिन सबैलाई आग्रह गरिन् । कार्यक्रममा 'द सि-सिफ्ट : नेभिगेटिङ ब्यारियर्स एण्ड क्याटलाइजिङ लिडरसीप' शीर्षकको समूहगत छलफलका क्रममा वक्ताहरूले महिलाले पनि विभिन्न क्षेत्रको नेतृत्व लिन सक्ने र त्यसका लागि योग्य भएकामा जोड दिए । छलफलका क्रममा पर्यावरण अभियन्ता सिलसिला आचार्य, रोजी कट्टेल र डा. रामजी रामले महिलाको सहभागिता, सशक्तीकरण र अवसर सृजनालगायतका क्षेत्रमा धारणा राखेका थिए ।

बैंकले यसबाहेक पनि महिलाका विषयलाई केन्द्रित गरी मार्च महीनाभर विभिन्न कार्यक्रम आयोजना गरिसकेको छ । बैंकले लैंगिक समानता प्रवर्द्धन, महिला सशक्तीकरण, जनचेनता अभिवृद्धि, व्यक्तिगत क्षमता अभिवृद्धि र सहयोगी समुदाय निर्माणको उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गरेको जानकारी दिएको छ । बैंकले आयोजना गरेको मार्च इन टु वेलनेस कार्यक्रमबाट काठमाडौं उपत्यका र बाहिरका गरी ३५ महिला कर्मचारी लाभान्वित भएका थिए भने वेलविइङ अफ वुमन सेसनमार्फत उपत्यकामा कार्यरत १०० महिला कर्मचारीले लाभ लिएका थिए । बैंकले अन्तरराष्ट्रिय नारी दिवसका अवसरमा देशव्यापी बृहत् र्‍याली आयोजना गरेको थियो, जसमा बैंकका विभिन्न शाखामा कार्यरत एक हजार २०० सयभन्दा बढी कर्मचारीको सहभागिता थियो ।

बैंकले कार्यस्थलमा हुने हिंसाजन्य गतिविधि र रोकथामका उपायका सम्बन्धमा कोशी प्रदेशमा ६८ जना महिला कर्मचारी सम्मिलित कार्यक्रम आयोजना गरेको बताएको छ । साथै मधेश प्रदेशमा सुरक्षित र मर्यादित कार्यस्थल शीर्षकको कार्यक्रम आयोजना गरी ५० जना कर्मचारीलाई अभिवृद्धि गरेको थियो । साथै बैंकमा कार्यरत कर्मचारीलाई लक्षित गरी रजस्वलाको विषय र चुनौतीका सम्बन्धमा कार्यक्रम आयोजना गरिएको थियो ।

## नबिलका कामु सीईओ ज्ञवालीलाई नेपाल-इटाली वाणिज्य तथा उद्योग संघको बधाई



काठमाडौं (अस) । नेपाल-इटाली वाणिज्य तथा उद्योग संघ (निक्की)ले आफ्ना उपाध्यक्ष मनोजकुमार ज्ञवाली नबिल बैंकको कायममुकायम प्रमुख कार्यकारी अधिकृत (कामु सीईओ)मा पदोन्नति भएकोमा बधाई ज्ञापन गरेको छ । निक्कीका अध्यक्ष सञ्जय अग्रवाल तथा बोर्ड सदस्यहरूले ज्ञवालीको यो महत्त्वपूर्ण उपलब्धिको सराहना गर्दै बैंकिङ क्षेत्रमा उनको समर्पण, नेतृत्व क्षमता र अनुभवको मूल्यांकन भएको बताएको विज्ञप्तिमार्फत जानकारी दिइएको छ । 'उहाँको पदोन्नति उहाँले पुर्‍याउनु भएको उत्कृष्ट योगदानको प्रतिबिम्ब हो, र हामी पूर्ण विश्वास गर्छौं कि उहाँको नेतृत्वमा नबिल बैंक अझ उचाइमा पुग्नेछ,' विज्ञप्तिमा उल्लेख छ । निक्की आफ्ना सदस्यको उपलब्धिमा गर्व गर्छ र नेपाल तथा इटालीबीचको आर्थिक सहकार्यलाई सुदृढ पार्दै व्यावसायिक प्रगति प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताइएको छ ।

## नागरिक लगानी कोष र विभिन्न संस्थाबीच सम्झौता



काठमाडौं (अस) । नागरिक लगानी कोष र पूर्वाञ्चल विश्वविद्यालयबीच योगदानमा आधारित उपदान तथा पेन्सन कोष सञ्चालन गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौतामा विश्वविद्यालयका उपकुलपति प्राडा बिजुकुमार थपलिया र कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले हस्ताक्षर गरेका छन् ।

सो अवसरमा उपकुलपति थपलियाले शिक्षक तथा कर्मचारीको उपदान सञ्चालन एवं व्यवस्थापन कोषलाई दिन पाएकोमा खुशी व्यक्त गरे । कोषका कार्यकारी निर्देशक कार्कीले उपदानको उचित व्यवस्थापन एवं सञ्चालन गर्ने र सहभागीलाई उचित प्रतिफल दिने प्रतिबद्धता व्यक्त गरे ।

यसैबीच सानिगाड हाइड्रो लिमिटेडको प्रति कित्ता एक सय रुपैयाँ अंकित ८५ लाख ५० हजार कित्ताको ८५ करोड ५० लाख रुपैयाँको शेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ । उक्त सम्झौतामा कोषका कार्यकारी निर्देशक कार्की र सानिगाडका प्रबन्ध निर्देशक राजेशकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन् । साथै कोषले कालंगा हाइड्रो लिमिटेडको प्रति कित्ता एक सय रुपैयाँ अंकित ४९ लाख कित्ताको ४९ करोड रुपैयाँको शेयर प्रत्याभूति गर्नेसम्बन्धी सम्झौता गरेको छ । उक्त सम्झौतामा कोषका कार्यकारी निर्देशक कार्की र लिमिटेडका अध्यक्ष खगेश्वर बोहराले हस्ताक्षर गरेका छन् ।

दर्ता नं. १००/२०३३/३४, पान नं.: ३०००८८७७९

**नेपाल मेटल कम्पनी लिमिटेड**
**(गणेश हिमाल जस्ता-सीसा परियोजना)**
**लैनचौर, पो.ब.नं., ४६८, काठमाडौं (खानी तथा भूगर्भ विभाग भित्र)**
इमेल : nepalmetalcompany2071@gmail.com

**अठ्ठाईसौं वार्षिक साधारण सभाको सूचना। सूचना।। सूचना।।।**

**प्रथमपटक प्रकाशित मिति २०८१।१२।२०, आर्थिक अभियान दैनिक**

यस कम्पनीको संचालक समितिको मिति २०८१।१२।१३ गते बुधवारको दिन अपरान्ह ५:१५ मा बसेको २२९ औं बैठकको निर्णयानुसार कम्पनीको अठ्ठाईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा देहायका विषय उपर छलफल गर्न बस्ने भएकोले उक्त सभामा उपस्थित हुनको लागि सबै शेयरधनीहरुलाई अनुरोध गरिन्छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०८२।०१।१२ गते शुक्रवार ।
स्थान : खानी तथा भूगर्भ विभागको अडिटोरीयम हल, लैनचौर, काठमाडौं ।
समय : दिनको ११:०० बजे ।

**प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा आ.व.२०८०।०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
२. आ.व.२०८०।०८१ को लेखापरीक्षण प्रतिवेदन, वासलात तथा निर्माणाधिन अवधिका खर्चहरुको विवरण प्रस्तुत गर्ने ।
३. आ.व. २०८१।०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
४. साधारण सभाको माइन्युट बुकमा दस्तखत गर्न संचालक समितिबाट र शेयरधनी मध्येबाट १ जना प्रतिनिधि मनोनयन गर्ने ।
५. नियमनकारी निकायबाट दिईएका निर्देशनको सम्वन्धमा कुनै निर्णय गर्नु पर्ने भएमा सञ्चालक समितिले गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने ।
६. विविध ।

**आज्ञाले**
**हरि प्रसाद घिमिरे**
**लेखा अधिकृत**
**मोवाइल नं. ९८५१०८९६२६**

## चितवनमा एथरका नयाँ ईभी स्कुटर



चितवन (अस) । नेपालका लागि एथर ईलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता वैद्य अर्गनाइजेशनले २०२५ मोडलका स्कुटर चितवनको लागि आधिकारिक डिलर डाइनामिक इनर्जीमार्फत चितवनमा सार्वजनिक गरेको हो । कम्पनीले एथर ४५० एक्स र ४५० एस सार्वजनिक गरेको हो । एथर ४५० एक्स अब बहुमोड ट्र्याक्सन कन्ट्रोलसहित उपलब्ध हुनेछ, जसले यस स्कुटरलाई अझ सुरक्षित, प्रभावकारी र सुविधाजनक बनाएको डाइनामिक इनर्जीकी निर्देशक अनुष्का कार्कीले जानकारी दिइन् । ३.७ किलोवाट आवर क्षमताको ब्याट्री भएको एथर ४५० एक्सको वास्तविक रेन्ज १३० किलोमिटर भएको कम्पनीको दाबी छ । त्यसैगरी २.९ किलोवाट आवर क्षमताको एथर ४५० एक्स र ४५० एसको वास्तविक रेन्ज १०५ किलोमिटर छ । यसमा गुगल म्याप्स, एलेक्सा भ्वाइस असिस्ट, ह्वाट्सएप, पिङ माई स्कुटर र लाइभ लोकेसन लगायतका सुविधा उपलब्ध रहेको बताइएको छ ।

नेपाली बजारमा २०२५ मोडलका यी स्कुटरको मूल्य विभिन्न क्षमतामा ३ लाख २४ हजार ९९९ देखि ३ लाख ९९ हजार ९९९ सम्म रहेको बताइएको छ । कम्पनीले ८ वर्ष वा ८० हजार किलोमिटरको ब्याट्री वारेन्टी र ७० प्रतिशत ब्याट्री हेल्थ ग्यारेन्टी उपलब्ध गराउने बताएको छ ।

## उद्योग संगठन मोरङको 'स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम'

विराटनगर (अस) । उद्योग संगठन मोरङले ३० वर्ष मुनीका युवालाई लक्षित गरी उद्यमशिलता विकासमा आकर्षित गर्न 'स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम'लाई परिस्कृत रूपमा ल्याएको छ । व्यावसायिक सोच, विचार तथा अवधारणा भएका युवालाई उद्यमशीलतामा रूपान्तरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको उक्त कार्यक्रममा सहभागिताका लागि चैत्र ३१ गते सम्म संगठनको वेबसाइटमार्फत आवेदन दिन सकिने बताइएको छ ।

कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवेदकबाट उद्यमशीलता अवधारणाको प्रस्तुतीकरण गराई उत्कृष्ट १५ जना स्टार्टअप उद्यमी छनोट गरिने बताइएको छ । छनोट भएका उद्यमीलाई निःशुल्क रूपमा व्यावसायिक योजना तर्जुमा, व्यावसायिक योजना अनुरूप आवश्यक पर्ने प्राविधिक विषयमा मेन्टरसिप, कोचिङ, परामर्श सेवा, नेटवर्क विस्तारको अवसर प्रदान गरिने संगठनले जानकारी दिएको छ । ३ महीनासम्म संगठनको मेन्टरसिपमा रहने स्टार्टअपलाई व्यावसायिक विकासमा थप सहयोग पुर्‍याउन उक्त अवधिमा बिजनेश क्यानभास मोडेल, बिजनेश हेल्थ चेकअपका साथै हाटबजार लगायत कार्यक्रम आयोजना गरी उत्कृष्ट हुन सफल ३ स्टार्टअपलाई पुरष्कृत गर्ने संगठनको योजना छ ।

**गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने अत्यन्त जरूरी सुचना**

(प्रकाशित मिति २०८१/१२/२० गते)

यस बैंकको नाममा रहेको तपशिलको गैर बैंकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सुचना प्रकाशित मितिले ७ दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा आईपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल/व.मी. | सम्पर्क शाखा कार्यालय |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | मोरङ्ग | झोराहाट | ६/१७८०५४६ | ५८७ | १३५५.६० | विराटनगर |
| | मोरङ्ग | बैजनाथपुर | १/१७८०५४६ | ७३३ | २९०१.२६ | |
| | मोरङ्ग | बैजनाथपुर | १/१७८०५४६ | ७३२ | ५०८.७४ | |
| | झापा | गौरादह | १/१७९०२१७ | २५२४ | ४३९३.६२ | |
| | झापा | गौरादह | १/१७९०२१७ | २५२६ | ५५६५.०० | |

**गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD. पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६०००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन र धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको केन्द्रिय कार्यालयमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ ।
(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(११) गैह्र बैंकिङ्ग सम्पत्तिहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

*कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भई बीमा ऐन, २०७९ बमोजिम सञ्चालित*

**गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड**
**GUARDIAN MICRO LIFE INSURANCE LIMITED**
रजिष्टर्ड ठेगाना:- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल
फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइट: www.gmli.com.np | इमेल: info@gmli.com.np

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८१/१२/२० गते)**

**आदरणीय, शेयरधनी महानुभावहरु,**
यस गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८१/१२/१८ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ साल बैशाख ५ गते (तद्नुसार अप्रिल १८, २०२५) शुक्रवार ।
स्थान : होटेल एअरपोर्ट, बिराटनगर, मोरङ्ग ।
समय : अपरान्ह, ११:०० बजे

**छलफलका विषयहरु:**
**क) विशेष प्रस्ताव :**
१. कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।
२. कम्पनीको हाल चुक्ता पुँजी रु.७५,००,००,०००/- को १ : १ का दरले(१०० प्रतिशत) हकप्रद शेयर जारी गरी रु.१,५०,००,००,०००/- पुर्‍याउने विशेष प्रस्ताव पारित गर्ने ।
३. कम्पनीको प्रबन्धपत्र संसोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
४. कम्पनीको पुँजी वृद्धि, हकप्रद शेयर जारी गर्ने सम्वन्धी सम्पुर्ण प्रक्रिया अगाडी बढाउन तथा प्रबन्धपत्र संसोधन सम्वन्धी सम्पुर्ण कार्य गर्न नियमनकारी निकायहरुले दिएको निर्देशन बमोजिमको आवश्यक कागजात बनाउन, फेरबदल, थपघट गर्न, कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
**ख) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. यस विशेष साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०८१/१२/२८ गते शेयर दर्ता किताव बन्द गरिनेछ । उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार एनआईएमबि एस क्यापिटल लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु विशेष साधारण सभामा भाग लिन योग्य मानिनेछन् ।
२. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र वा हितग्राही खाता खोलिएको कागजात साथमा लिई आउनुहुन अनुरोध छ ।
३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, बिराटनगर र बाग्मती प्रदेश कार्यालय सानोगौचरण, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्नु परेमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालय, तथा बाग्मती प्रदेश कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।
४. एकै शेयरधनीले एक भन्दा वढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो माथि (३) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।
५. नाबालक शेयरधनीको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछ ।
६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा हाजिरी गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १० बजे देखि खुला रहनेछ ।
७. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नु पर्नेछ ।
८. कुनै शेयरधनी महानुभावले विशेष साधारण सभामा आफ्नो मन्तब्य राख्न चाहेमा सभा हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।
९. अन्य कुनै जानकारीका लागि कम्पनीको बाग्मती प्रदेश कार्यालय, सानोगौचरण, काठमाण्डौमा अर्थात सम्पर्क नं. ९८०१२८४१९४ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

> बजार अत्यधिक अत्तालिएको अवस्थामा नै मानिसहरूले बढी लगानी गरेको देखिन्छ ।
> **- पिटर कीफ**

सम्पादकीय

# सरकार फेरिँदा स्वतः पदमुक्तिको व्यवस्था

**प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय सभामा सोमवार लोक सेवाबाट नियुक्ति हुनेबाहेक अन्य प्रक्रियाबाट सरकारले गर्ने नियुक्ति सरकार फेरिँदा स्वतः पदमुक्त हुने विधि अपनाएर जान सकिने बताए । नेपालमा कर्मचारीतन्त्रमा अत्यधिक राजनीतीकरण भएको आरोप एकातिर लागिरहेको छ भने अर्कातिर अघिल्लो सरकारले नियुक्त गरेका पदाधिकारी नयाँ सरकार आएपछि पदबाट हट्न नमान्ने र मुद्दामामिला गर्ने गरेकाले सरकारले परिणाम दिने गरी काम गर्न नसकेको अवस्था छ । प्रधानमन्त्रीले कुनै एउटा सरकारी कार्यालयको प्रमुख हटाउन पनि नसक्ने र काम पनि लिन नसक्ने हो भने प्रधानमन्त्रीय पद्धतिको अर्थ रहँदैन । त्यसैले प्रधानमन्त्री ओलीको भनाइ विचारणीय छ ।**

**नेपालले बेलायतको जस्तो बेस्टमिनिस्टर प्रणालीको नक्कल गरे पनि त्यसमा अक्कल नपुगेकाले यो प्रणालीप्रति नै अविश्वास र असन्तुष्टि देखिन थालेको छ । त्यसैले प्रधानमन्त्रीलाई बलियो बनाउने विधितर्फ लाग्नु उपयुक्त हुन्छ ।**

**नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनको सरकार बनेपछि नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ र सरकारबीचको द्वन्द्व अहिलेसम्म रोकिएको छैन । मन्त्रिपरिषद्ले घिसिङलाई हटाए पछि उनी अदालत गएका छन् । नयाँ सरकार बनेपछि त्रिभुवन विश्वविद्यालयका उपकुलपति केशरजंग बरालले कामै गर्न सकेनन् । बाध्य भएर अहिले राजीनामा दिए । यसो हुँदा न नयाँ सरकारले केही काम गर्न सक्यो न पुरानो सरकारले नियुक्त गरेका उपकुलपतिले नै कुन काम गर्न पाए । यस्तो अवस्था आउन नदिन कानूनमै सुधार गरेर स्वतः पदमुक्त हुने व्यवस्था उपयुक्त हुन सक्छ ।**

**यसको अर्थ घिसिङलाई सरकारले हटाउनु ठीक थियो भन्ने होइन । त्यसमा बदनियत रहेको नै देखिन्छ । उनले राम्रो काम नगरेकाले भन्दा उनी त्यहाँ रहँदा आफ्नो निहित स्वार्थ पूरा नहुने भएरै राजनीतिक नेतृत्व उनलाई हटाउन लागेको कुरामा द्विविधा छैन । सरकारले पनि उनले कार्यसम्पादन मूल्यांकन समयमा नबुझाएको बाहेक अन्य विश्वसनीय नकारात्मक कारण देखाउन सकेको छैन । तर, पनि अहिले प्रणालीले संस्थालाई नै प्यारालाइसिसमा लैजाने सम्भावना रहेको छ । अहिले प्रणाली नै कायम गर्ने हो भने कि त नयाँ सरकारले अघिल्लो सरकारमा नियुक्त पदाधिकारीहरूलाई**

> ■ **नयाँ सरकार आएपछि आफूप्रति इमानदारहरूलाई नियुक्त गर्न खोज्नु स्वाभाविक हो ।**

**पूर्ण सहयोग गर्नुपर्‍यो । सरकारी संस्थाको पुरानो नेतृत्व नयाँ सरकारलाई चित्त नबुझ्ने र नयाँ सरकारले सहयोग नगर्दा संस्थाले कामै गर्न नसक्ने अवस्था आएको छ ।**

**घिसिङ आफैले आफ्नै अध्यक्षतमा बसेको विद्युत् प्राधिकरणको सञ्चालक समितिको माइन्युटमा मन्त्री दीपक खड्काले हस्ताक्षर नगरिदिँदा प्राधिकरणको काम प्रभावित भएको सञ्चारमाध्यमले बताउँदै आएका छन् । संस्थाको काम नरोक्ने हो भने कि त संस्थाको प्रमुख वा राजनीतिक नेतृत्वको निर्णय स्वीकृत भएर अघि बढ्नु जरुरी छ । मुलुकले प्रधानमन्त्रीय पद्धति स्वीकारेकाले प्रधानमन्त्री शक्तिशाली हुनुपर्छ । उसलाई आफ्नो नीति र कार्यक्रम लागू गर्न कर्मचारीतन्त्रबाट अवरोध आउनु हुँदैन । यस्तोमा प्रधानमन्त्री ओलीले भनेझैं लोकसेवाबाट नियुक्तबाहेक अन्य सबै कर्मचारी नयाँ सरकार आउनासाथ पदमुक्त हुने व्यवस्था कानूनी रूपमा नै गर्नु उपयुक्त हुन सक्छ । यसले अहिले पटकपटक भइरहेका विवादलाई कम गर्छ, मुद्दामामिलाका कारण विभिन्न संस्था नेतृत्वविहीन हुने अवस्थालाई रोक्न सक्छ । मुख्य कुरा सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्न धेरै सजिलो हुन्छ । सरकारले कामै गर्न नसकेकाले वर्तमान प्रणाली फेर्नैपर्छ ।**

**अहिले सल्लाहकारदेखि, महान्यायाधिवक्ता र राष्ट्रिय योजना आयोगसम्म प्रधानमन्त्री फेरिँदा स्वतः फेरिने व्यवस्था छ । लोकसेवाले नियुक्त गरेकाबाहेक अरूमा त्यही विधिमा जाँदा अहिलेको जस्तो विवाद कम हुन्छ । अन्य मुलुकमा पनि राजनीतिक नियुक्ति हुने गर्छ । अमेरिकामा राष्ट्रपतिले धेरै ठाउँमा राजनीतिक नियुक्ति गर्छन् । त्यसरी नियुक्त भएकाहरूले नयाँ राष्ट्रपति आउनासाथ पद छाड्नुपर्छ । अमेरिकामा नयाँ राष्ट्रपति आएपछि पुरानो सरकार अन्तर्गतका पदाधिकारी परिवर्तन गरी आफ्ना समर्थकलाई प्रमुख पदमा लैजाने चलन छ, जसलाई स्पायल्स सिस्टम भनिन्छ । नेपालमा पनि प्रधानमन्त्री वा मन्त्री परिवर्तन हुँदा सचिव, सहसचिवदेखि विभागीय प्रमुखहरूको सरुवा तथा नियुक्ति व्यापक रूपमा हुन्छ । तर, राजनीतिक नियुक्तिहरूमा भने विवाद हुने गरेको छ ।**

**नयाँ सरकार आएपछि आफूप्रति इमानदारहरूलाई नियुक्त गर्न खोज्नु स्वाभाविक हो । नयाँ नियुक्ति गर्न पाउँदा सरकारको नयाँ सोच र नीति कार्यान्वयन गर्न सजिलो हुन्छ । तर, यहाँ क्षमतालाई भन्दा पनि आफ्ना आसेपासेलाई जागीर दिने र निश्चित आर्थिक स्वार्थपूर्तिका लागि नयाँ नियुक्ति गर्ने प्रवृत्तिका कारण मात्र सरकार फेरिएपछि सार्वजनिक संस्थाको नेतृत्व फेर्ने काम बदनाम भएको हो । यस्तो प्रवृत्ति रोक्न आवश्यक कानूनी व्यवस्था गर्नु र नैतिक अडान राख्नु राजनीतिक नेतृत्वको जिम्मेवारी हो ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## भेरी–बबई सुरूङ निर्माणका लागि बोलपत्र आह्वान

भेरी–बबई आयोजनाको सुरुङ निर्माणका लागि पुनः ४५ दिने ग्लोबल टेण्डर (विश्वव्यापी बोलपत्र) आह्वान गरिएको छ । यसअघि आयोजनाको बोलपत्रमा चिनियाँ र भारतीय हाइड्रो कम्पनीले आयोजनाको स्वीकृत लागतभन्दा बढी दर प्रस्ताव गरेपछि बोलपत्र रद्द गरिएको थियो । आयोजना प्रमुख माधव बेलवासेले गत बिहीबार पुनः बोलपत्र आह्वान गरिएको बताए । सीजीजीसी चाइना र कोष्टल-जीपीएस रसा-भारतको हाइड्रो कम्पनीले स्वीकृत लागतभन्दा करीब २० प्रतिशत बढी रकम प्रस्ताव गरेकाले बोलपत्र रद्द गरिएको उनले बताए ।

वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९

# कम्पनी कानूनको उद्भव र विकास

## वैदिक कालमा कि बेलायतबाट ?



**विश्वविद्यालयको पाठ्यक्रममा कम्पनीको विकासक्रममा नारदस्मृतिको उल्लेख नहुनु र एकोहोरो कम्पनीको शुरूआत बेलायतबाट भएको हो भनेर अध्ययन/अध्यपान गराइनु 'कस्तुरीले आफ्नो जिउबाट आएको सुगन्ध थाहा नपाएर अन्यत्र भौँतारिँदै हिँड्नु जत्तिकै' हो ।**

**ज्योति दाहाल**

कम्पनी भन्ने शब्द ल्याटिन भाषाबाट आएको हो । ल्याटिन भाषामा 'कम्पानियो' भन्नाले 'साथी' वा 'सहयात्री' भन्ने बुझाउँछ । 'कम' को अर्थ 'सङ्गै' र 'प्यानिस' को अर्थ 'रोटी' भएकाले यसको मौलिक अर्थ 'सङ्गै रोटी खाने साथीको समूह' भन्ने थियो । पछि यो शब्द व्यापारिक वा व्यावसायिक रूपमा उपयोग हुन थाल्यो । कम्पनी शब्दको पदवियोग गर्दा 'कम' भनेको 'सँगै, संयुक्त' र 'पनि' भनेको 'साथी, समूह' भन्ने बुझाउँछ । त्यसैले, कम्पनी भन्नाले सङ्गठित रूपमा कुनै उद्देश्य पूरा गर्न बनेको समूह वा संस्था जनाउँछ । हाल यसको मुख्य उपयोग व्यापारिक सङ्गठन लागि गरिन्छ । यसबाहेक यस शब्दको उपयोग 'कसैको सङ्गत वा साथ' को अर्थमा पनि हुन्छ । त्यस्तै, सैनिक क्षेत्रमा एकाइ जनाउन वा साङ्गीतिक तथा नाट्य समूहलाई सङ्केत गर्न पनि कम्पनी शब्द उपयोग गरिन्छ । वर्तमान समयमा कम्पनी व्यावसायिक सङ्गठनको सर्वव्यापी स्वरूप बनेको छ । विश्वव्यापी बनेको कम्पनी अवधारणको शुरुआत बेलायतबाट भएको हो भनेर सम्भवतः संसारभरका विश्वविद्यालयमा अध्ययन/अध्यापन गराइन्छ । कम्पनीको अवधारणा बेलायतबाटै शुरू भएको हो त ? वैदिक काल वा वैदिक ग्रन्थमा यस्ता संगठनको कुनै अस्तित्व थिएन ? थियो भने कस्तो थियो ? यस आलेखमा कम्पनीको उद्भव र विकासबारे चर्चा गरिन्छ ।

### व्यवसायको शास्त्रीय चर्चा

व्यापार/व्यवसाय वैदिककालदेखि नै अस्तित्वमा थियो । पराशरस्मृतिमा '...वाणिज्यं वैश्यवृत्तिरुदाहृता' अर्थात् चातुर्वर्णमध्येको एक वर्ण वैश्यले व्यापार गर्ने गरेर जीवनयापन गर्नुपर्छ भन्ने उल्लेख गरेका छन् । यसले कार्यविभाजन गरेर जीविकोपार्जनलाई सुनिश्चित गराएको देखिन्छ ।

मनुस्मृतिमा :

सम्भूय स्वानि कर्माणि कुर्वद्भिरिह मानवैः ।
अनेन विधियोगेन कर्तव्यांशप्रकल्पना ॥

अर्थात् निर्धारित विधिबाट सँगसँगै मिलेर कर्तव्य पूरा गर्दा प्रत्येकले जिम्मेवारीको अंश निर्धारण गर्नुपर्छ । याज्ञवल्क्य स्मृतिमा :

सम्भूय वणिज पण्यमनर्वेणोपरुन्धताम् ।
विक्रीणतां वा विहितो दण्ड उत्तमसाहसः ॥

अर्थात् व्यापारीले मिलेमतोमा कुनै सामान (वस्तु) लुकाउने वा रोक्ने वा त्यसलाई मिलेर बेचेको खण्डमा यस्ता व्यापारीलाई उत्तमसाहस (कठोर) दण्ड दिनुपर्छ भनेका छन् । यसले वैदिककालमा व्यापारलाई नैतिकतासँग जोडेको देखिन्छ । वैदिककालमा स्वदेशी र विदेशी सामान विक्री गर्दा लिन पाउने नाफाको दर निश्चित गरिएको पाइन्छ ।

याज्ञवल्क्य स्मृतिमै-

स्वदेशपण्ये तु शतं वणिग्गृह्णीत पञ्चकम् ।
दशकं पारदेश्ये तु यः सद्यः क्रयविक्रयी ॥

अर्थात् स्वदेशी वस्तु (पण्य) मा पाँच र विदेशी वस्तु क्रयविक्रय गर्दा १० प्रतिशत नाफा लिन पाइन्छ । याज्ञवल्क्य स्मृतिमै -

सम्भूयसमुत्थानं नाम विवादपदमिदानीमभिधीयते ।
समवायेन वणिजां लाभार्थ कर्म कुर्वताम् ।
लाभालाभौ यथाद्रव्यं यथा वा संविदा कृतौ ।

अर्थात् व्यक्तिहरू समान उद्देश्य लिई एकजुट भएर उन्नतिका लागि कार्य (व्यवसाय) गर्छन्, यसरी कार्य गर्दा त्यहाँ विवाद पनि आउन सक्छ । लाभ प्राप्त गर्नका लागि सहकार्य गर्छन् । व्यवसायमा लाभ र हानि उनीहरूको लगानी वा सम्झौतामा आधारित हुन्छ । यस अनुच्छेदमा उल्लेख भएका 'सम्भूयसमुत्थान' शब्द अहिलेको कम्पनीजस्तै थियो । नारदस्मृतिको एउटा सिङ्गो अध्यायमा चर्चा गरिएको 'सम्भूयसमुत्थान' मा के के छ, त्यसका बारेमा यसपछिका अनुच्छेदमा क्रमशः चर्चा गरिन्छ ।

कम्पनीका आधारभूत पक्ष

देवर्षि नारदकृत नारदस्मृतिको चौथो अध्यायमा 'सम्भूयसमुत्थान, भन्ने प्रकरण छ । यस प्रकरणमा वर्तमान समयमा कम्पनी भनिने व्यावसायिक स्वरूपकै मिल्दोजुल्दो व्यवस्था छ । सामूहिक रूपमा मिलेर गरिने व्यवसायलाई 'सम्भूयसमुत्थान' भनिएको छ । व्यावसायिक ढाँचाको लागि दिएको नाम 'सम्भूयसमुत्थान' को पदवियोग गर्दा 'सम्भूय' को अर्थ 'एकसाथ, संयुक्त भई' र 'समुत्थान' को अर्थ माथि उठ्नु, उन्नति गर्नु हुन्छ । वर्तमान समयमा पनि व्यवसाय सामूहिक र व्यक्तिगत दुवै प्रकारका हुन्छन् र यसको उद्देश्य उन्नति गर्नु नै हुन्छ । सामूहिक रूपमा गरिने व्यवसाय मूलतः कम्पनीमार्फत गरिन्छ । नारदले सामूहिक रूपमा गरिने व्यवसायको बारेमा-

वणिक्प्रभृतयो यत्र कर्म सम्भूय कुर्वते ।

अर्थात् व्यक्ति (व्यापारी) मिलेर संयुक्त रूपमा कार्य (व्यापार) गर्छन् ।

तत्सभूयसमुत्थानं व्यवहारपदं स्मृतम् ॥

अर्थात् यस्तो संयुक्त रूपमा गरिएको कार्य व्यवहारमा स्वीकार्य हुन्छ । व्यवहारमा स्वीकार्य हुन्छ भन्नुको अर्थ राज्यले मान्यता दिन्छ भनिएको हो । यस्तो सामूहिक कार्यको उद्देश्य-

फलहेतोरूपायेन कर्म सम्भूय कुर्वताम् ।

अर्थात् फल प्राप्तिको उद्देश्यले संयुक्तरूपमा कार्य गर्छन् । कसले कति प्रतिफल पाउँछन् र कसरी बाँडफाँड हुन्छ भन्ने सन्दर्भमा-

आधारभूतः प्रक्षेपस्तेनोत्तिष्ठेयुरंशतः ॥

अर्थात् जसको जति लगानी छ, सोही आधारमा प्रतिफल प्राप्त हुन्छ । यी श्लोक अहिलेको शेयरधनी, उद्देश्य र लाभांशसँग मेल खान्छ । व्यापारमा हुने हानिनोक्सानी वहन गर्ने सम्बन्धमा-

समोऽतिरिक्तो हीनो वा तत्रांशे यस्य यादृशः ।
क्षयव्ययौ तदा वृद्धिस्तत्र तस्य तथाविधाः ॥

अर्थात् जसको अंश (हिस्सा) जति छ, हानि, खर्च र नाफा पनि त्यहीअनुसार हुन्छ । यो श्लोक आधुनिक कम्पनी कानूनले व्यवस्था गरेको सीमित दायित्वसँग मेल खान्छ । शेयर, शेयरधनी, उद्देश्य, प्रतिफल (लाभांश) र शेयरधनीको दायित्व कम्पनीका आधारभूत पक्ष हुन् ।

### सञ्चालक र दायित्व

सञ्चालक समितिको जिम्मेवारी के र कस्तो हुन्छ भन्ने सन्दर्भमा-

भाण्डपिण्डव्ययोद्धारभारसारान्ववेक्षणम् ।
कुर्युस्तेऽव्यभिचारेण समये स्वे व्यवस्थिताः ॥

अर्थात् सञ्चालकले सम्पत्ति, आम्दानी र खर्च व्यवस्थापनसहित सञ्चालनका महत्त्वपूर्ण पक्षको निरीक्षण, निष्पक्ष एवम् व्यवस्थित ढङ्गले जिम्मेवार भएर निर्धारित समयमा गर्नुपर्छ । श्लोकमा स्पष्टरूपमा सञ्चालक उल्लेख नगरे पनि 'कुर्युस्तेऽव्यभिचारेण' अर्थात् 'तिनीहरूले इमानदारीपूर्वक गर्नुपर्छ' भन्ने वाक्यांशले मुख्य भई काम गर्ने व्यक्तिलाई जनाउँछ । यहाँ मुख्य भई काम गर्ने व्यक्ति अहिलेको कम्पनीमा जस्तै सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको व्यक्ति अध्यक्ष, प्रबन्ध सञ्चालक हुन् भन्ने बुझ्नुपर्ने हुन्छ । 'अन्ववेक्षणम्' अर्थात् निरीक्षण भनेको कुनै पनि कार्यको पर्यवेक्षण वा नेतृत्व गर्नु हो र यस्तो कार्य गर्ने व्यक्ति सञ्चालकबाहेक अरू हुँदैनन् । सञ्चालकको के दायित्व हुन्छ भन्ने सन्दर्भमा-

प्रमादान्नाशितं दाप्यः प्रतिषिद्धकृतं च यत् ।
असन्दिष्टश्च यत् कुर्य्यात् सर्वसम्भूयकारिभिः ॥

अर्थात् व्यवस्थापकीय कार्य गर्ने साझेदारले लापरबाही गरी हानिनोक्सानी पुर्‍याएमा, निषेध गरिएको कार्य गरेमा वा निर्देशन बिना कुनै कार्य गरेमा क्षतिपूर्ति बेहोर्नुपर्छ । तर, यहाँ उल्लिखित शब्दावली 'प्रमादात् नाशितं (लापरबाहीबाट हानि)', 'प्रतिषिद्धकृतं (निषेधित कार्य)' र 'असन्दिष्टश्च यत् कुर्य्यात् (निर्देशनविना)' साझेदारको सहमति वा निर्देशनविना कुनै कार्य गर्छ र त्यसले हानिनोक्सानी निम्त्याउँछ भने त्यस्तो हानि व्यवस्थापकका रूपमा कार्य गर्ने साझेदारले बेहोर्नुपर्छ । अहिलेको कम्पनी कानूनमा सञ्चालकले शेयरधनीको सहमतिविना कुनै पनि कार्य गर्न सक्दैनन् । सञ्चालकले सधैं शेयरधनीको हितमा शेयरधनीको प्रतिनिधि भएर काम गर्नुपर्छ । यसलाई न्यासी कर्तव्य (फचुडुशियरी डचुटी) भनिन्छ ।

## नारदस्मृतिमा उल्लेख भएका केही नीति

- **संयुक्त रूपमा गरिएको कार्य व्यवहारमा स्वीकार्य हुन्छ । व्यवहारमा स्वीकार्य हुन्छ भन्नुको अर्थ राज्यले मान्यता दिन्छ ।**
- **जसको अंश (हिस्सा) जति छ, हानि, खर्च र नाफा पनि त्यहीअनुसार हुन्छ ।**
- **संकटको समयमा जो व्यक्तिले सम्पत्तिको रक्षा गर्छ, उसलाई त्यस्तो सम्पत्तिको १० भागको एक भाग दिनुपर्छ ।**

### पुरस्कार र कर्मचारी

सञ्चालकलाई पुरस्कार दिने कुराको सन्दर्भमा-

देवतस्कराराजभ्यो व्यसने समुपस्थिते ।
यस्तत्स्वशक्त्या रक्षेत तस्यांशो दशमः स्मृतः ॥

यो श्लोक 'सम्भुयसमुत्थान' प्रकरणमा भए पनि यसको प्रत्यक्ष सम्बन्ध 'सम्भुयसमुत्थान'सँग देखिँदैन । यद्यपि यसको अर्थानुसार देवता (दैवी), चोर, शत्रुबाट आउने संकटको समयमा जो व्यक्तिले सम्पत्तिको रक्षा गर्छ, उसलाई त्यस्तो सम्पत्तिको १० भागको एक भाग दिनुपर्छ । यसलाई 'सम्भुयसमुत्थान'सँग जोड्दा कम्पनीको सञ्चालकलाई पुरस्कार दिने कुरासँग मेल खान्छ । आधुनिक कम्पनी कानूनले पनि सञ्चालकलाई पुरस्कार र पसिना शेयर (स्वेट इक्विटी) दिने व्यवस्था छ । यस्तो प्रचलनको मूल स्रोत वैदिक कालका ग्रन्थ हो । संस्थामा विभिन्न प्रकारका कर्मचारी आवश्यक पर्छ । कर्मचारी कति प्रकारका हुन्छन् भन्ने सन्दर्भमा-

ऋत्विक् तु त्रिविधो दृष्टः पूर्वजुष्टः स्वयं कृतः ।
यदृच्छया च यः कुर्याद्यर्त्विज्यं प्रीतिपूर्वकम् ॥

अर्थात् कर्मचारी/कामदार (ऋत्विक्) छनोट प्रक्रिया पूरा गरेर नियुक्त गरिएका (स्थायी), परामर्शदाता, स्वयम्सेवक वा प्रशिक्षार्थी गरी तीन प्रकारका हुन्छन् । 'ऋत्विक्' शब्दलाई सन्दर्भअनुसार कर्मचारी अर्थ लगाउँदा सान्दर्भिक हुन्छ । आधुनिक कर्मचारी प्रशासनमा पनि स्थायी, परामर्शदाता र प्रशिक्षार्थी कर्मचारी हुन्छन् । आधुनिक कर्मचारी प्रशासनको आधार पनि यही श्लोक हो भन्दा अत्युक्ति हुँदैन ।

### कर र स्वामीविहीन सम्पत्ति

कर नागरिकको सुरक्षा र राज्यको विकासका लागि नागरिकबाटै उठाइन्छ । 'सम्भुयसमुत्थान'लाई देवर्षि नारदले संस्थाका रूपमा परिकल्पना गरेका छन् । यस्ता संस्थाले पनि राज्यलाई कर बुझाउनुपर्छ । करका सम्बन्धमा-

शुल्कस्थानं वणिक् प्राप्तः शुल्कं दद्यात् यथोदितम् ।
न तदव्यतिहरेद्राजो बलिरेष प्रकीर्तितः ॥

अर्थात्, 'सम्भुयसमुत्थान'ले तोकिएको स्थानमा कर बुझाउनुपर्छ । राज्य र करदाता दुवैले यो नियम उल्लङ्घन गर्नु हुँदैन, किनकि कर अनिवार्य योगदान हो । करकै सन्दर्भमा-

शुल्कस्थानं परिहरन्नकाले क्रयविक्रयो ।
मिथ्योक्त्वा च परीमाणं दाप्योऽष्टगुणमत्ययम् ॥

अर्थात् कर छल्ने, कालाबजारी गर्ने (अकाले क्रयविक्रयो), सामानको परिमाणबारे झूटो विवरण दिनेलाई आठ गुणा दण्ड लिनुपर्छ । कुनै साझेदारको मृत्यु भएमा उसको अंश के हुन्छ भन्ने सन्दर्भमा-

दायादेऽसति बन्धुभ्यो जातिभ्यो वा समर्पयेत् ।
तदभावे सुगुप्तं तद्वारयेद्दशतीः समाः ।

अर्थात् 'सम्भुयसमुत्थान'का कुनै अंशियारको दायाद (उत्तराधिकारी) नभएमा बन्धु (दाजुभाइ/नातेदार) वा जातिभ्यो (एउटै जाति वा समुदायका व्यक्ति) लाई दिनुपर्छ । कोही नभए राज्यले १० पुस्तासम्म सुरक्षित राख्नुपर्छ । यस्ता स्वामीविहीन सम्पत्ति व्यवस्थापनका सम्बन्धमा-


अस्वामिकमदायादं दश वर्षस्थितं ततः ।
राजा तदात्मसात् कुर्यादेवं धर्मो न हीयते ॥

अर्थात् स्वामीविहीन सम्पत्ति १० वर्षसम्म कसैले दाबी नगरे राज्यले आफ्नो बनाउँछ, यसो गर्दा धर्मनाश वा हानि हुँदैन । यो कुरा सम्पर्कमा नआएका साझेदार र संस्था खारेज भएमा बाँकी रहेको सम्पत्तिमा कोही दाबी गर्न नआएमा कुनै पनि सम्पत्ति बेवारिसे वा स्वामीविहीन नहुने सिद्धान्तसँग सम्बद्ध छ । कसैको दाबी नपरेको सम्पत्ति राज्यको हुन्छ । यस कुरालाई स्थापित गर्ने आधार वैदिकदेखि अस्तित्वमा छ ।

निचोडमा, माथिका विभिन्न अनुच्छेदमा गरिएको शास्त्रीय चर्चापछि कम्पनी स्वरूपको व्यावसायिक ढाँचाको प्रस्थान विन्दु वैदिक कालमै भएको थियो भन्ने निष्कर्षमा पुगिन्छ । वैदिक कालमा अहिलेको कम्पनी कानूनमा जस्तो धेरै कुरा भेटिँदैन तर विषय उठान भएको छ । विश्वविद्यालयको पाठचक्रममा कम्पनीको विकासक्रममा नारदस्मृतिको उल्लेख नहुनु र एकोहोरो कम्पनीको शुरुआत बेलायतबाट भएको हो भनेर अध्ययन/अध्यपान गराइनु 'कस्तुरीले आफ्नो जिउबाट आएको सुगन्ध थाहा नपाएर अन्यत्र भौँतारिँदै हिँड्नु जत्तिकै' हो । बेलायतले गर्दै गरेन भन्ने होइन, त्यसमा केही परिस्कार गरेको कुरालाई अस्वीकार गर्न पनि सकिँदैन । बेलायतभन्दा अगाडि नै रोमन कालमा पनि कम्पनीको विकास भएको पाइन्छ । सिसेरोले त्यतिबेला शेयरको मूल्य अधिक थियो भनेर उल्लेख गरेका छन् । कम्पनी नभई शेयरको मूल्य हुने कुरै हुन्न । नेपालको विश्वविद्यालयले कम्पनी कानूनको पाठचक्रममा कम्पनीको प्रारम्भिक स्वरूपको रूपमा 'सम्भुयसमुत्थान'लाई मान्यता दिँदै नारदस्मृतिको 'सम्भुयसमुत्थान' प्रकरणलाई अविलम्ब समावेश गर्नु आवश्यक छ ।

*लेखक धितोपत्रसम्बन्धी अध्येता करपोरेट अधिवक्ता हुन् ।*

# कतै नपुगिने आन्दोलन



**राजावादी सलबलाउनुमा सरकारको संरचना पनि कारण हो । संसद्को पहिलो र दोस्रो दल सरकार बसेकाले गम्भीर गल्तीमा प्रश्न उठाउने शक्ति कमजोर भएकाले पनि यत्रो घटना भएको हुनसक्छ ।**

**- रामप्रसाद गौतम**

चैत १५ गते काठमाडौंको तीनकुनेमा दुई जना व्यक्तिको ज्यान गयो । क्रान्ति योजनाबद्ध नहुन सक्छ तर आक्रमण योजनाबद्ध हुनुपर्छ, चाहे त्यो प्रहरीको होस् वा आन्दोलनकारीको । १५ गतेको तीनकुनेमा भएको जनप्रदर्शनमा प्रदर्शनकारी र प्रहरी दुवैतर्फबाट चुक भयो र अनाहकमा पत्रकार सुरेश रजक र कीर्तिपुरका सबिन महर्जनको ज्यान गयो ।

केही मुलुकमा बाहेक सबै देशमा सरकारको विरोधमा आन्दोलन भएको छ । यस्तो आन्दोलन शान्तिपूर्ण भनिए पनि कुनै त कुनै तरीकाले तोडफोडमा परिणत भएको पाइन्छ । यस्तो तोडफोडले मुलुकको ठूलो आर्थिक क्षति हुन्छ । विगतमा भएका सबैजसो आन्दोलनमा पनि यस्तै तोडफोड भएकै थिए । तर, मुलुकमा ठूलो राजनीतिक उपलब्धि प्राप्त भएको र अब आन्दोलन नहुने विश्वास गरिएको अवस्थामा फेरि प्रणाली फेर्ने नाममा आन्दोलन हुन थालेको छ । तीनकुनेमा भएको आन्दोलनलाई लिएर अहिले मुलुक नै विभाजित बनेको अवस्था छ । सरकारको दाबी बेग्लै छ । सर्वसाधारणको दाबी बेग्लै छ । यस्तोमा सरकारले निष्पक्ष उच्चस्तरीय छानबिन आयोग गठन गरेको भए यो हल्लालाई केही मत्थर पार्न सक्थ्यो होला । नेपालमा राजनीतिक आन्दोलन समाप्त भएको र अब आर्थिक क्रान्ति शुरू हुने भनी नेताहरूले गरेको भाषण खेर गएकै कारणले जनतामा असन्तुष्टि बढेको देखिन्छ । भीड कहिले पनि तर्कले चल्दैन । आवेगको आगो बलेपछि परिस्थिति सरकारी नियन्त्रणबाहिर गएरै छाड्छ । तीनकुनेमा पनि त्यस्तै भएको हो कि भन्ने देखिन्छ । तर, जुनसुकै राजनीतिक आन्दोलनको उद्देश्य आर्थिक परिवर्तन नै हुनुपर्छ । त्यसो हो भने आर्थिक क्षति हुने गरी आन्दोलन गरिनु हुँदैन ।

त्यो आन्दोलनमा लेखक पनि प्रत्यक्षदर्शी बन्नु परेको थियो । आन्दोलन हिंसात्मक हुन थालेपछि एउटा सेडको छानामुनि लुकेर बसेका थियौं । सेडको छानामा ढुङ्गा बर्सन थालेपछि शिशा फोरियो । हाम्रो सातोपुत्लो गयो । केही छिनपछि प्रदर्शनकारीले मुख्य भवनमा प्रहार गर्न थाले । त्यतिकैमा प्रहरीले ढुंगाप्रहारकारीलाई लखेटे । एकजना भाइ आएर लौन दाइ तल गाडी जलेको छ, दमकललाई फोन गरिदिनुहोस् भने । भन्सारमा भएका सुरक्षाकर्मीले पानी जोडेर आगो निभाउँदै थियो । यस्तैमा दमकल पनि आयो र कार्गो भवन अगाडिको आगो निभ्यो । यदि त्यो आगो नियन्त्रण लिन नसकिएको भए सयौं गाडी आयात निर्यातका लागि राखिएका जनताका अर्बौंका मालसामान नष्ट हुन सक्थे । त्यसैले आन्दोलनलाई संयमित बनाउन के गर्न सकिन्छ र के गर्नु पर्छ यस विषयमा गम्भीर छलफल हुन जरुरी देखिन्छ । हिंसाले कहिल्यै कुनै प्रकारको उन्नति, प्रगति भएको छैन । आफ्ना विचार मञ्चमा राख्न जनताको बीचमा राख्ने छूट सबैलाई छ । ढुंगा प्रहार गर्ने र आगोको होली खेल्ने छूट कसैलाई छैन ।

अहिले जतातत्तै सिसिटिभी छ । जडीबुटीको औषधि उत्पादन कारखाना, व्यक्तिका घरहरू, भन्सार र औषधि कारखानामा आगो फाल्नेलाई पक्रौं । दण्डहीनतालाई निरुत्साहित गर्न चुकियो भने हाम्रो देश सधैं दीर्घरोगमा बाँच्न बाध्य हुनेछ । गोली लागेको छ मानिस मरेको छ, आगलागी भएको छ, गाडी र कारखाना जलेका छन् यी सबै आर्थिक, मानवीय राजनीतिक क्षति हो । यतिमात्र होइन यो हाम्रो देशले पहिल्याउन नसकेको आर्थिक गन्तव्यको अलमल हो ।

कसैलाई आलोचना नगरी भन्नु पर्दा आगामी ५ वर्षभित्र नेपालाई कुन उचाइमा पुर्‍याउने भन्ने मार्गचित्र हामीमाझ छैन, रोजगारी छैन, आफ्नो र पार्टीगत स्वार्थ त्यागेर कसैले त नेपाल र नेपाली जनताको बारेमा सोचेको छ भन्ने प्रत्याभूत नभएका कारण नेपाली जनता १५ गते २ समूहमा बाँडिए । एकातिर प्रहरी दमन भएन सबै शान्त तर अर्कोतिर दमन भयो उद्दण्ड मच्चियो ।

हरेक क्रियाको बराबर तर विपरीत प्रतिक्रिया हुन्छ भन्ने सिद्धान्तअनुरूप घटना भयो । लाग्छ, यो अन्तिम घटना होइन, किनकि आज पनि हाम्रो देशले स्पष्ट आर्थिक बाटो बनाउन वा देखाउन सकेको छैन । विगतमा भएका ठूला ठूला परिवर्तनले दिएको उपलब्धि वा अनुपलब्धिको विश्लेषण भएको छैन । निर्यात बढेको छैन, रोजगारी बढेको छैन, राजस्वले सरकारी खर्च पूरा गर्न सकेको छैन । त्यसले गर्दा पूर्वराजाका समर्थक जुर्मुराउने मौका पाएका छन् । दुवै भाँडो रित्तो भएपछि वर्षाको पानीले ओतमा भएको भाँडो भन्दा बलेनीमा भएको भाँडो छिटो भरिन्छ । राजावादीले बलेनीको फाइदा उठाएका छन् र गणतन्त्रवादी अहिले ओतमा छन् । आमजनता यता न उता छन् ।

जहाँ पायो त्यही आगो लगाउँदै हिँड्ने र गार्ड बस्ने टहरोमा ढुङ्गा हानेर देश र सत्ता परिवर्तन हुँदैन । यो बाहेक राजावादी सलबलाउनुमा सरकारको संरचना पनि कारण हो । संसद्को पहिलो र दोस्रो दल सरकारमा बसेकाले गम्भीर गल्तीमा प्रश्न उठाउने शक्ति कमजोर भएर पनि यत्रो घटना भएको हुन सक्छ । भाटभटेनीमा लुटपाट भयो, शायद त्यसको त हिसाबकिताब पनि बाहिर आइसक्यो । तीनकुनेदेखि बालकुमारीसम्म सयौं पसल छन् , तिनमा लुटपाट भएन, भाटभटेनीमा मात्र किन भयो ? यसको कारण खोज्दै जाने हो भने धेरै तानाबाना जोडिएलान् । फेरि पनि लुटपाट ठीक होइन । नचिनी र नबुझी ढुङ्गा र आगोको खेलबाट बचौं । देश हामी सबैको साझा सम्पत्ति हो । जडीबुटीको औषधि पसलमा आगजनी गर्नु त कायरता नै हो । सबैभन्दा ठूलो कुरा राजनीतिक दललाई दिने चन्दा पारदर्शी होस् । हामी सबै व्यक्तिवादी र पार्टीवादी भयौं, समग्रमा भन्दा नैतिक राष्ट्रवादी भएनौं ।

*लेखक कैलासकूट बहुमुखी क्याम्पसमा अध्यापन गर्दछन् ।*

**सच्याइएको**

**मंगलवार आर्थिक अभियान राष्ट्रिय दैनिकको पृष्ठ ८ मा प्रकाशित फोटो क्याप्सनको स्रोत राष्ट्रिय समाचार समिति हुनुपर्नेमा फरक पर्न गएकाले सच्याइएको छ ।**
**- सम्पादक**

टुंगियो नेप्से सीईओ नियुक्ति

# चापागाईंले पाए जिम्मेवारी

काठमाडौं (अस) । धितोपत्रको दोस्रो बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा चूडामणि चापागाईं नियुक्त भएका छन् । चैत १८ गते सोमवार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई नेप्सेको सीईओ नियुक्त गर्ने निर्णय गरेको हो । उनले मंगलवार नियुक्तिपत्र बुझिसकेका छन् । यसअघि चैत ११ गते बसेको मन्त्रिपरिषद् बैठकले पाँच जनाको संक्षिप्त सूचीमा दोस्रो नम्बरमा रहेका नारदकुमार लुइँटेललाई नियुक्त गर्ने निर्णय गरेको समाचार मन्त्रीहरूलाई उद्धृत गर्दै सार्वजनिक भएको थियो । चापागाईं पाँच जनाको संक्षिप्त सूचीमा पहिलो नम्बरमै थिए ।

नवनियुक्त सीईओ चापागाईंसँग बीमा र बैंकिङ क्षेत्रमा काम गरेको अनुभव छ । सानिमा बैंकमा शाखा प्रबन्धकका रूपमा काम गरेको चापागाईंले युनियन लाइफ इन्स्योरेन्समा सहायक महाप्रबन्धक र सानिमा रिलायन्स लाइफ इन्स्योरेन्समा नायब महाप्रबन्धको रुपमा काम गरेका थिए । गत माघ २५ गतेदेखि रिक्त रहेको नेप्से सीईओ पदका लागि १० जनाको आवेदन परेको थियो । चापागाईंसँगै नेप्सेका पूर्वसीईओ कृष्णबहादुर कार्की, सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी) का पूर्वसीईओ पूर्णप्रसाद आचार्य, बद्रीप्रसाद प्याकुरेल, नारदकुमार लुइँटेल, युवराज दाहाल, प्रवीण अधिकारी, विमलकुमार तिवारी, हेमन्त बस्याल र मुकुन्दराज जोशीले आवेदन दिएका थिए ।

नवनियुक्त सीईओसामु निकै चुनौती छन् ।



यतिबेला नेप्से साना तथा मझौला उद्योगका लागि बनाउन लागेको 'एसएमई प्लेटफर्म' सञ्चालनको गृहकार्य गरिरहेको छ । नेपाल धितोपत्र बोर्डले लागू गरेको नियमावलीबमोजिम एसएमई प्लेटफर्म सञ्चालन गर्न सीईओको भूमिका महत्त्वपूर्ण हुनेछ । निजीक्षेत्रको नयाँ स्टक एक्सचेन्जलाई अनुमति दिने तयारी भइरहेको बेला नेप्सेले प्रतिस्पर्धी रूपमा अघि बढ्नुपर्नेछ । ३ अर्ब रुपैयाँ पूँजीको दोस्रो स्टक एक्सचेन्जलाई अनुमति दिने तयारी भइरहँदा सरकारी स्वामित्वको नेप्सेले पनि पूँजी बढाउनुपर्नेछ । नेप्सेको हालको चुक्ता पूँजी १ अर्ब रुपैयाँ छ । नयाँ सूचकांक (इन्डेक्स) नेप्से ३० को सम्पूर्ण तयारी पूरा भए पनि त्यसलाई कार्यान्वयनमा ल्याउन सकेको छैन । यसलाई पनि उनले सम्बोधन गर्नुपर्नेछ ।

# कुलमान र हितेन्द्रको मुद्दा हेर्दाहेर्दैमा

**अभियान संवाददाता**

काठमाडौं





नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट सरकारले बर्खास्त गरेका कुलमान घिसिङ र नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको रिट सर्वोच्च अदालतले हेर्दाहेर्दैमा राखेको छ ।

सर्वोच्चका न्यायाधीशद्वय कुमार चुडाल र नित्यानन्द पाण्डेयको मंगलवारको इजलासमा दुवैका रिटमाथि सुनुवाइ भएको थियो । सुनुवाइ नसकिएकाले दुवैको रिट हेर्दाहेर्दैमा राखिएको सर्वोच्चका प्रवक्ता सहरजिस्ट्रार अच्युत कुइँकेलले बताए । उनका अनुसार बुधवार विहान ११ बजेदेखि दुवैको रिटमाथि सुनुवाइ हुनेछ ।

मंगलवारको उक्त इजलासमा ४३ ओटा रिटको पेशी चढे पनि सर्वोच्चले अरु सबैलाई हेर्न नभ्याइनेमा राखेर घिसिङ र शाक्यको रिटमाथि सुनुवाइ गरेको कुइँकेलले बताए । यसअघि घिसिङ र शाक्यको रिटमा सर्वोच्चले आइतवार पेशी तोके पनि हेर्न नमिल्ने भएर पेशी सरेपछि सुनुवाइ हुन सकेको थिएन ।

सरकारले आफूलाई गैरकानूनी रूपमा पदमुक्त गरेको दाबी गर्दै घिसिङले चैत १४ गते सर्वोच्चमा रिट निवेदन दर्ता गराएका थिए । सरकारले गरेको निर्णय बदर गर्दै आफूलाई कार्यकारी निर्देशकमा पुनर्स्थापना गराउनुपर्ने घिसिङको मुख्य माग छ ।

मुद्दाको टुंगो लाग्दासम्म ढिला हुने भएकाले उनले नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई काम नगर्नु/नगराउनु भनी अन्तरिम आदेशको माग समेत गरेका छन् । उनले ऊर्जा मन्त्रालय, ऊर्जामन्त्री दिपक खड्का, प्राधिकरण सञ्चालक समिति र हितेन्द्रदेव शाक्यलाई विपक्षी बनाएर रिट दायर गरेका छन् । शाक्यले भने ४ वर्षअघि आफूलाई निकालेर घिसिङको नियुक्ति नै गलत भएको भन्दै त्यतिबेला रिट दायर गरेका थिए । सो रिटमा कुनै निर्णय नभई ४ वर्ष बितेपछि उनले हालको कुलमानको निवेदनमा सुनुवाइ गर्न नमिल्ने जिकिर गर्दै अर्को रिट दायर गरेका हुन् ।

शाक्यको रिट निवेदनमा आफ्नो मुद्दा किनारा नलागेको र प्राधिकरणको कार्यकारी निर्देशकको पदावधि बाँकी रहे पनि पदाधिकार प्रयोग गर्नबाट वञ्चित भएकाले पदमा रही कार्य गर्दा प्राप्त हुने आर्थिक तलब, भत्तालगायत लाभ समेत पाउनुपर्ने उल्लेख गरेका छन् ।

# अनुमतिविनै शैक्षिक परामर्श र भाषा प्रशिक्षण केन्द्र सञ्चालन

चितवन । जिल्लामा सञ्चालनमा रहेका शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण केन्द्र संघीय शिक्षा मन्त्रालय तथा प्रादेशिक सामाजिक विकास मन्त्रालयबाट अनुमति नलिई भञ्चालन भइरहेको पाइएको छ । स्थानीय प्रशासनले एक साता लगाएर २८ ओटा यस्ता केन्द्रमा गरेको अनुगमनका क्रममा १८ ओटामा यस्तो समस्या देखिएको हो ।

जिल्ला प्रशासन कार्यालय चितवनका सूचना अधिकारी विकास खनालका अनुसार प्रारम्भिक रूपमा गरिएको अनुगमनका क्रममा १० ओटा केन्द्रले शिक्षा मन्त्रालय एवं प्रदेशको सामाजिक विकास मन्त्रालयसँग अनुमति लिएर चलाएको भए पनि अनुमति अनुसारको संरचना अपुग देखिएको छ । यस्ता केन्द्रलाई अपुग भएका कुरा पूरा गरेर सञ्चालन गर्न निर्देशन दिइएको उनले बताए ।

कम्पनी राजिस्ट्रारको कार्यालयमा दर्ता भई व्यवसाय दर्ता गरेर मन्त्रालयसँग अनुमति नलिएकालाई अनुमति लिन समय दिइएको उनले जानकारी गराए । जिल्लामा शाखा कार्यालयका रूपमा र मुख्य कार्यालयका रूपमा ३०० भन्दा बढी यस्ता केन्द्र सञ्चालनमा रहेको अनुमान गरिएको र सबै केन्द्रमा अनुगमन गरिने उनले बताए ।

कार्यालयले गरेको अनुगमनका क्रममा मन्त्रालयबाट अनुमति नलिई सञ्चालित ५ ओटा अनुमतिको प्रक्रियामा गएको बताइएको छ । दिइएको निर्देशन नमान्ने र अनुमति लिन नजानेलाई मन्त्रालयमा नियमनका लागि पत्र पठाउने तयारी गरिएको खनालले जानकारी दिए । 'सम्बन्धित मन्त्रालयमा नियमनका लागि पत्राचार गर्छौं । गुनासो आए अनुगमन गर्ने अधिकार भएकाले कारबाहीसमेत गर्नेछौं ।'

ती संस्थाहरूमा आकस्मिक रूपमा अनुगमन गरिएको हो । पूर्वी चितवनको राप्ती, खैरहनी र रत्ननगर नगरपालिका एवं भरतपुर महानगरपालिकाको मुख्य शहरी क्षेत्रमा यस्ता केन्द्र सञ्चालनमा रहेका छन् । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

### नागढुंगा सुरुङमार्ग ...

आयोजनामा विनाअवरोध काम भएमा विभागले २०८२ असारसम्ममा सुरुङमार्गका सबै काम सम्पन्न गर्ने लक्ष्य राखेको थियो । अहिले स्थानीयले अवरोध गरेपछि समय धकलिने निश्चित भएको आयोजना प्रमुख सञ्जय पन्थी बताउँछन् । उनका अनुसार काम शुरू भएपछि हालसम्म ८/१० पटकसम्म काम रोक्नुपरेको छ । अहिले भने यो अवधि २ साता नाघेको उनको भनाइ छ ।

यो आयोजना २०८२ असोजसम्ममा सम्पन्न गर्ने गरी म्याद थप गरिए पनि आयोजनाले असारसम्ममा सबै काम सम्पन्न गर्ने लक्ष्य राखेको थियो ।

आयोजना प्रमुख पन्थीका अनुसार अहिले स्थानीयका माग सम्बोधन हुने क्रममा छ भनेर समन्वयका लागि प्रभावित स्थानीयलाई पत्र पठाइएको छ । तर, उनीहरूले आयोजनासँग भन्दा पनि माथिल्लो तहमै कुरा गर्न खोजिरहेको उनको भनाइ छ ।

आयोजनाबाट प्रभावित स्थानीयले त्यहाँको खानेपानी व्यवस्थापन तथा सञ्चालन आयोजना वा सरकारले नै गरोस् भन्ने माग राख्दै आएका छन् । तर, विभागका महानिर्देशक पोखरेल खानेपानी व्यवस्थापनको जिम्मा स्थानीय तहलाई हस्तान्तरण गरिने भन्दै आयोजनाले त्यो काम गर्न नसक्ने बताउँछन् ।

खानेपानी व्यवस्थापन गर्दा मासिक ५ लाख रुपैयाँ लाग्ने पन्थीले जानकारी दिए । उनका अनुसार माग सम्बोधन गर्न प्रयास भइरहेको छ । तर, काम कहिलेदेखि शुरू हुने भन्ने निश्चित भएको छैन ।

अहिलेको मुख्य माग खानेपानीको भए पनि यसअघि सुरुङ मार्ग निर्माणका क्रममा चर्किएका घरको मर्मतसम्भार गर्न माग गरिएको थियो । त्यसअनुसार अहिले भवन विभागले निर्माण क्रममा चर्किएका घरको मूल्यांकन गरिरहेको उनले जानकारी दिए । आयोजना साइटमा १५ जापानीसहित करीब ३०० जनाले काम गरिरहेका थिए ।

आयोजनाको काम ८७ प्रतिशत सम्पन्न भएको छ । अहिले जस्तै काम रोकिए म्याद थपिएको समयमा पनि सकिन गाह्रो हुने उनी बताउँछन् । आयोजनाको काम कहिले शुरू हुन्छ भन्ने यकीन नभएको भन्दै उनले थपे, 'उहाँहरू हामीसँग वार्तै गर्न खोज्नु हुन्न, मन्त्री वा सचिवस्तरीय वार्तामा बस्ने भन्दै आउनुभएको छ ।'

आयोजनाकोपूर्वीपोर्टलतर्फको फ्लाइओभर, सुरुङभित्रको सडक बनाउनेलगायत काम अहिले रोकिएको छ । यो सुरुङमार्ग जापानी कम्पनी हाज्मा/आन्दो कर्पोरेशनले बनाइरहेको छ । ४२ महीनामा सम्पन्न गर्ने गरी यो आयोजना २०७६ कात्तिक ४ गते शिलान्यास भएको थियो । उक्त सुरुङमार्गको मुख्य सुरुङ २०८१ वैशाख ३ गते छिचोलिएको थियो । २ दशमलव ५ किलोमीटरको सुरुङ सन् २०२३ को अप्रिलमा सम्पन्न गर्ने गरी जापानी कम्पनीसँग सम्झौता भएको थियो । पछि म्याद थपिएर २०२५ अक्टोबरसम्म पुगेको छ । नेपाल सरकार र जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)बीच यो सुरुङमार्ग बनाउन सन् २०१६ मा सम्झौता भएको थियो ।

उक्त सुरुङमार्गको शिलान्यास हुँदा आयोजना प्रमुख रहेका श्याम खरेल अहिले सेवा निवृत्त भइसकेका छन् । पूर्वप्रमुख खरेलले आयोजनामा पटकपटक यस्ता समस्या दोहोरिरहनु राम्रो पक्ष नभएको बताए । स्थानीयका जायज माग सम्बोधन गर्न पर्ने भन्दै उनले बारम्बार कामै रोकिँदा यसले व्ययभार बढाउने र जापानी ठेकेदारले थप रकम दाबी गर्न सक्ने अवस्था आउने उनले बताए । शुरूदेखि नै पश्चिमतर्फ जग्गाको समेत समस्या रहेको जानकारी दिँदै खरेलले भने, 'स्थानीयसँग भएका सहमति कार्यान्वयन हुनुपर्नेमा पहिला भएकै सहमति कार्यान्वयन नभई त्यही पुरानै समस्यामा बारम्बार काम रोकिनु हुँदैन ।'

### नेपालको आफ्नै ...

'नेपालको आफ्नै कार्ड' नारा रहेको कार्डको राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले शुरुआत गरे । हाल नेपाल पे कार्ड जारी गर्न सिटिजन्स, हिमालन, माछापुच्छ्रे, प्रभु र सिद्धार्थ बैंकले सम्झौता गरेका छन् । यस्तै मुक्तिनाथ विकास बैंक, सांग्रिला डेभलपमेन्ट बैंक र गुडविल फाइनान्सले पनि कार्ड जारी गर्नेछन् ।

एनसीएचलको कार्ड स्विच र कार्ड आवश्यक सर्टिफिकेशन र बैंक वित्तीय संस्थाका स्विचहरूलाई इन्टिग्रेटपश्चात् पूर्ण व्यावसायिक सञ्चालनमा आउने कम्पनीका प्रमुख कार्यकारी अधिकृत निलेशमानसिंह प्रधानले जानकारी दिए । हाल नेपालभित्र मात्र प्रयोग गर्न सकिने कार्डलाई भविष्यमा अन्तरराष्ट्रिय स्तरको बनाइने उनले बताए ।

अहिले नेपालका वाणिज्य बैंकहरूले अन्तरराष्ट्रियस्तरका भिजा, मास्टरकार्ड, युनियन पे जस्ता कम्पनीका स्विच तथा कार्डबाट सेवा दिँदै आएका छन् । यी कार्ड प्रयोग गरेबापत बैंकहरूले ठूलो रकम सेवा शुल्कका रूपमा बुझाउँदै आएका छन् ।

गभर्नर अधिकारीले पनि नेपाल पे कार्डबाट भुक्तानीमा लाग्ने शुल्क कम भई बैंकहरूको लागत घट्ने बताए । 'भिजा र मास्टरकार्ड जस्ता अन्तरराष्ट्रिय सेवाप्रदायकमार्फत भुक्तानी गर्दा विद्युतीय कारोबारको लागत बढी थियो,' उनले भने, 'अब नेपालमै कार्ड सञ्चालन हुँदा खर्च बचत हुनेछ ।'

एनसीएचएलले हाल ५४ भन्दा बढी बैंक तथा वित्तीय संस्थाहरू, पीएसओ र पीएसपी, सयभन्दा बढी गैरबैंकिङ सदस्यलाई विभिन्न राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्दै आएको छ । कम्पनीले वार्षिक रूपमा १५५ खर्ब रुपैयाँभन्दा बढी कारोबार फछ्र्योट गर्दै आएको बताएको छ ।

सरकारको कानूनी तथा नीतिगत व्यवस्था, प्रविधिको बढ्दो पहुँच, सर्वसाधारणको आकर्षणका कारण नेपालमा विद्युतीय कारोबार बढ्दै गएको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार विद्युतीय भुक्तानीका माध्यमबाट मासिक ५० खर्ब रुपैयाँभन्दा बढीको कारोबार हुने गरेको छ । २०८१ माघमा विद्युतीय भुक्तानीमार्फत खर्ब ५७ खर्ब १२ अर्ब ५२ करोड रुपैयाँ बराबरको कारोबार भएको राष्ट्र बैंकले बताएको छ ।

### १ खर्ब ३९ अर्बका ...

पहिलोपटक लगानी सम्मेलन गर्न लागिएकाले आइपरेका समस्या सम्बोधन गर्दै अगाडि बढ्ने मुख्यमन्त्री कार्कीले बताए । प्रदेश सरकार विकासको बाटो आफै तय गर्दै अघि बढ्नुपर्ने बाध्यतामा रहेको भन्दै उनले लगानी सम्मेलनले त्यसमा ठूलो बल पुग्ने अपेक्षा गरिएको बताए ।

पूर्वमुख्यमन्त्री थापाले प्रदेशको ऐन, कानून र संघीय कानून संशोधन गरेर लगानीकर्तालाई सहज वातावरण सृजना गरिनुपर्नेमा जोड दिए । जटिल प्रकृतिका ऐन संघीय सरकारसँग समन्वय गरेर सुधार गर्नुपर्ने उनको सुझाव छ । साथै, कतिपय करमा छूट दिन सकिने भए त्यसतर्फ लाग्नुपर्ने उनले औंल्याए ।

पूर्वमुख्यमन्त्री आचार्यले नयाँ र सृजनात्मक परियोजना तयार गरी लगानी सम्मेलनमा अगाडि बढाउनुपर्ने बताए । पानी, वन र खानीसँग जोडिएका आयोजना सञ्चालन गर्न सके आर्थिक लाभ लिन सकिने उनको भनाइ छ । उत्पादन र रोजगारीसँग जोडिएका परियोजनालाई प्राथमिकता दिनुपर्ने भन्दै उनले उनले प्रदेश सरकारलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**अवितरित हकप्रद शेयरको लिलाम बिक्रीको म्याद थप सम्बन्धी सूचना**

**(प्रति शेयर न्युनतम् मूल्य रु ६०/- (अक्षरेपी साठी) का दरले बढाबढमा सहभागिताको लागि मात्र)**

यस **प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**को मिति चैत्र ०६, २०८१ देखि लिलामीमा रहेको **१३१७०३०** कित्ता अवितरिद हकप्रद शेयरलाई आवेदन गर्न पाउने गरी यहि मिति २०८२ बैशाख ०५ गते सम्म म्याद थप गरिएको व्यहोरा सम्पूर्ण शेयरधनीज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**
का.म.न.पा.वडा नं.-३२, तिनकुने, काठमाडौं ।
सम्पर्क नं. ०१-५९१३७२८/५९१३७२९
Web: www.prabhusteel.com, Email: contact@prabhusteel.com

**जल विनायक बचत तथा ऋण सहकारी संस्थाको**

**२५ औ बार्षिक सधारण सभा हुने बारेमा सूचना**

**(सूचना प्रकाशन मिति २०८१/१२/२० गते)**

यस संस्थाको मिति २०८१/०९/०२ मा बसेको संचालक समितिको २५९ औ बैठकको निर्णय अनुसार संस्थाको २५ औ बार्षिक साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा गर्ने निर्णय भएको हुदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाइ सहभागीताको लागि अनुरोध गर्दछौ ।

**तपसिल**

स्थान : नेपाल सास्कृतिक संघ, कालिका मार्ग, डिल्लीबजार काठमाडौं ।
मिति : २०८२ । ०१ । २० गते ।
समय : दिउसो ११:३० बजे ।

**सभामा छलफल गरि पारित गर्नुपर्ने बिषयहरु :**

१ संचालक समितिको तर्फबाट अध्यक्षले पेश गर्ने २०८०/२०८१ को बार्षिक प्रतिबेदन र चालु आर्थिक बर्ष २०८१/२०८२ को नीति कार्यक्रम तथा बजेट उपर छलफल गरि पारित गर्ने ।
२ आ व २०८०/२०८१ को वित्तीय विवरणहरु (वित्तीय स्थितिको बिवरण नाफा वा नोक्सान बिवरण र सोसंग सम्बन्धित टिप्पणीहरु) तथा लेखापरीक्षकको प्रतिबेदन उपर छलफल गरि अनुमोदन गर्ने ।
३ आ व २०८०/२०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिबेदन उपर छलफल गरि अनुमोदन गर्ने ।
४ आर्थिक वर्ष २०८०/२०८१ को प्रस्थावित लाभांस पारित गर्ने ।
५ चालु आर्थिक बर्ष २०८१/२०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।
६ निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयरधनी सदस्यहरुको तर्फबाट प्रतिनिधि चयन गर्ने ।
७ विविध ।

**साधारण सभा सम्बन्धि थप जानकारी :**

१ बार्षिक साधारण सभामा उपस्थितिको लागि आउदा परिचय खुल्ने नागरिकता वा परिचयपत्र सक्कल वा प्रतिलिपि अनिवार्य रुपमा लिई आउन पर्नेछ ।
२ सदस्य पहिचान विवरण (KYM) भर्न बाकि रहेका सदस्यहरुले (KYM) विवरण भरि अध्यावधिक गरि दिनु पर्नेछ ।
३ बार्षिक साधारण सभामा उपस्थितीकोलागि संस्थाको कार्यालय मिति २०८१ बैशाख १३ गते देखि कार्यलय समयमा आइ हाजिरि पुस्तिकामा उपस्थिती जनाउन सकिने छ ।
४ यातायात खर्च सोधभर्ना वापतको रकम उपस्थिति भएको समयमा उपलब्ध गराईनेछ ।

**निर्णयानुसार सचिब**

*Government of Nepal*
*Ministry of Physical Infrastructure and Transport*
***Department of Roads***

***Kaligandaki Corridor (Beni Jomsom Koralla Road Project)***

***Notice for Intent to Accept the Bids***

**Date of Publication: 2081/12/20 (2nd May, 2025)**

Pursuant of Clause 27, Sub Clause 2 and Clause 47 of Public Procurement Act 2063, this is to notify all the concerned bidders, participated in the bidding of contract invited through Notice No. 002/081/82 published in Himalayan Times National Daily on 2081/09/01, it is our intention to accept the bid for execution of the following works.

| S. N. | Contract Identification No. | Description and location of work | Qualified Bidders | Bid Amount (Including VAT and PS) Nrs. |
|---|---|---|---|---|
| 1 | KCBJKRP/337011184/ 081/82-05 | Slope Stabilization Works for Unstable and Vulnerable Roadside Slope at Baisari 1 (CH 20+100) and Baisari 2 (CH 21+100) of Kaligandaki Corridor Beni Jomsom Koralla Road Project. | M/s GSI Hatairaj JV | 2,97,38,126.52 |

**Note:** No bids submitted for contract "KCBJKRP/337011184/081/82-06" and none of the bidders qualified for contract "KCBJKRP/337011184/081/82-07" and "KCBJKRP/337011184/081/82-08".

**Project Manager**

Government of Nepal
Ministry of Urban Development
**Department of Local Infrastructure Development**

**Road & Bridge Section, ShreeMahal, Pulchowk, Lalitpur**

**Invitation for Bids**

**Notice No.:DoLID/RRBS/NCB/D&B-01/2081-82**
**First Publication Date :- 2081/10/30**
**Second Date of Publication:2081/12/20 (2025-04-02)**

1. The Government Department has allocated funds towards the cost of Design & Build of Arun River Bridge along Manebhanjyang-Heluwabesi-Bulingtar-Bhojpur Road and intends to apply part of the funds to cover eligible payments under the Contract. Only eligible bidders with the key qualifications mentioned in the table below should participate in this bidding; the bidders are advised to refer to detailed qualification requirements specified in the bidding documents.

| S. No | Contract No. | Name of Works | Average Annual Construction Turnover of best 3 years over the last 10 years (NRs. In Millions) | Bid Security Amount (NRs. in Millions) | Minimum Work experience of similar size and nature | Non-refundable fee for bid document (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DoLID/RRBS/NCB/D&B-01/2081-82 | Design & Build of Arun River Bridge along Manebhanjyang-Heluwabesi-Bulingtar-Bhojpur Road | 139.5 | 8.136 | 167.3 | 20000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Road and Bridge Section (RBS), Shree Mahal, Pulchowk, Lalitpur, Lalitpur, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically through E-GP-II system of PPMO: **www.bolpatra.gov.np/egp** on or before 2025-04-17, 12:00 **hours** may download the bidding documents for e-submission from PPMO's e-GP system: www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.
4. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal Bank Ltd. Name of the Office: Road and Bridge Section (RBS) Office Code no: 347023401 Office Account no: 00101000000001001001 Rajaswa (revenue) Shirshak no: 14229
5. Pre-bid meeting shall be held at Road and Bridge Section (RBS) Shree Mahal, Pulchowk Lalitpur, Lalitpur Bagmati Province Nepal at 2025-04-08 12:00 hours
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2025-04-17 13:00 hours at the office of Rural Road and Bridge Section (RRBS) Shree Mahal, Pulchowk Lalitpur, Lalitpur Bagmati Province Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 81,36,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The bidders are strongly encouraged to visit the site before bidding.
9. Employer reserves rights to accept or reject bid(s) without any reason whatsoever.

**Project Manager**

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चिरख्वा हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं | चैत २० | ९:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १२ |
| २ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अमृतभोग, कालिकास्थान, काठमाडौं | चैत २१ | ११:०० | ७.५ | ०.३९४७ | १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |
| ३ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | विशेष | युनियन हाउस, अनामनगर, काठमाडौं | चैत २२ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत १४ |
| ४ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |
| ५ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | होटल पिस प्यालेस, बागलुङ | चैत २७ | ११:०० | ५.७५ | ०.३०२७ | ११०.७१ प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १५ |
| ६ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल अमुप्रस्थ ब्याङ्क्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ, काठमाडौं | वैशाख २ | ११:०० | | | एफपीओ निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २२ |
| ७ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर, तनहुँ | वैशाख ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २६ |

## नबिल बैंक लिमिटेड, बर्दिवास शाखा, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**प्रकाशित मितिः २०८१/१२/२०**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्महरुले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०७/३० को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो **१५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा बर्दिवास शाखा, महोत्तरी**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

**१**

**ऋणी फर्म तथा फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरीमा मिति २०७७/१०/०७ मा प्रा.फ.र.नं.: ७१४४/७१५/०७७/०७८ अन्तर्गत दर्ता भएको **गंगा ट्रेडर्स।**
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
खड्ग बहादुर भुजेलकी छोरी राम बहादुर भुजेलकी बुहारी, अनुप कुमार भुजेलकी श्रीमती महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. १८३०७४/११०० (जारी मितिः ०६३/११/०८, स्थान महोत्तरी) भएकी **गंगा भुजेल ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. ओम बहादुर भुजेलको नाती राम बहादुर भुजेलको छोरा महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ०४९२६४२१ (जारी मितिः २०५९/१२/१६, स्थान महोत्तरी) भएको **अनुप कुमार भुजेल ।**

**धितोको विवरण**

महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, **गंगा भुजेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, १५ नं बहादुरगञ्ज गा.वि.स. वडा नं २, नक्सा सीट नं २ख मा अवस्थित कि.नं. ५२३ र ५०१ क्षेत्रफल ०-४-८-० र ०-८-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**२**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरीमा मिति २०७३/०६/०७ मा प्रा.फ.नं.: ४१३०/१९/०७३/०७४ अन्तर्गत दर्ता भएको **बर्दिवास ईन्जिनियरिङ्ग वर्कसप ।**
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ३ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
ओम बहादुर भुजेलको नाती राम बहादुर भुजेलको छोरा महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ०४९२६४२१ (जारी मितिः २०५९/१२/१६, स्थान महोत्तरी) भएको **अनुप कुमार भुजेल ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. ओम बहादुर भुजेलकी बुहारी, राम बहादुर भुजेलकी श्रीमती महोत्तरी जिल्ला, बर्दिवास न.प. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. ०४९२१०७३ (जारी मितिः ०४४/१०/१२, स्थान महोत्तरी) भएकी **मीठुमाया भुजेल ।**
२. हर्क बहादुर भुजेलको नाती ओम बहादुर भुजेलको छोरा, महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ०४९२१०७२ (जारी मितिः २०३६/१२/१४, स्थान महोत्तरी) भएको **राम बहादुर भुजेल ।**
३. खड्ग बहादुर भुजेलकी छोरी राम बहादुर भुजेलकी बुहारी, अनुप कुमार भुजेलकी श्रीमती महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. १८३०७४/११०० (जारी मितिः ०६३/११/०८, स्थान महोत्तरी) भएकी **गंगा भुजेल ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

महोत्तरी जिल्ला, बर्दिवास न.प. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ९ बस्ने, **मीठुमाया भुजेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, २५ नं बहादुर गञ्ज गा.वि.स. वडा नं ४, नक्सा सीट नं ४क मा अवस्थित कि.नं. १०६३ क्षेत्रफल ०-०-१५-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरुः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **बर्दिवास शाखा, महोत्तरी**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/०३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **बर्दिवास शाखा, महोत्तरीमा** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/०४ गते ३:०० बजे बैंकको **बर्दिवास शाखा, महोत्तरी**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट्/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **बर्दिवास शाखा, महोत्तरी**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## नेपाल धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका ऋणपत्र

| क्र.सं. | ऋणपत्रको नाम | ब्याज (प्रतिशत) | अवधि (वर्ष) | निष्कासन हुने कित्ता | सर्वसाधारणमा निष्कासन (कित्ता) | प्राइभेट प्लेसमेन्ट (कित्ता) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८% प्राइम डिबेन्चर २०९१ | ८.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २ |
| २ | ६% निफ्रा उर्जा डिबेन्चर २०८८/८९ | ६.०० | ७ | ५,०००,००० | २,०००,००० | ३,०००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ कात्तिक १४ |
| ३ | ७.२५% एसबिएल डिबेन्चर २०९१ | ७.२५ | १० | २,५००,००० | १,०००,००० | १,५००,००० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ फागुन ११ |
| ४ | ९% गुहेश्वरी डिबेन्चर २०८९ | ९.०० | ८ | २६०,००० | १०४,००० | १५६,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ चैत ३ |
| ५ | ८.५% सिटिजन्स बैंक डिबेन्चर २०९० | ८.५० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | हिमालयन क्यापिटल लिमिटेड | २०८० माघ १२ |
| ६ | ७% नेपाल एसबिआई बैंक डिबेन्चर २०९० | ७.०० | १० | ३,०००,००० | १,२००,००० | १,८००,००० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ ०२ |
| ७ | ७% नबिल डिबेन्चर २०८९ | ७.०० | ८ | ३,०००,००० | १,२००,००० | १,८००,००० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ असार १४ |
| ८ | ८% शाइन रेसुङ्गा डिबेन्चर | ८.०० | १० | १,०००,००० | ४००,००० | ६००,००० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १४ |

## धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका म्युचुअल फण्ड

| क्र.सं. | म्युचुअल फण्डको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | योजना व्यवस्थापक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | आरविवि फोकस ४० | १००,०००,००० | १० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस १४ |
| २ | सिटिजन्स सन्तुलित योजना | १००,०००,००० | १० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस १९ |
| ३ | सानिमा इक्विटी फण्ड-२ | १००,०००,००० | १० | सानिमा क्यापिटल लिमिटेड | २०८१ माघ ४ |
| ४ | हिमालयन दीर्घकालीन बचत योजना | १००,०००,००० | १० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत १९ |
| ५ | एनआईसी एशिया इक्विटी लिङ्क्ड इन्भेष्टमेण्ट स्किम | १००,०००,००० | १० | एनआईसी एशिया क्यापिटल लिमिटेड | २०८० असार ३१ |
| ६ | एनआई ३१ | १५,०००,००० | १० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०७९ चैत १६ |
| ७ | ग्लोबल आइएमई समुन्नत योजना-२ | १२०,०००,००० | १० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ चैत १९ |
| ८ | सिटिजन्स सदाबाहार योजना | ५०,०००,००० | १० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ असोज २ |
| ९ | प्रभु सिस्ट्मेटिक इन्भेष्टमेण्ट स्किम | ४०,०००,००० | १० | प्रभु क्यापिटल लिमिटेड | २०७९ कात्तिक ३० |

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १९)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
